# प्रभाव दैनिक
National Daily

वर्ष ११ | अंक ५३ | काठमाडौं | शुक्रबार, ३२ जेठ २०८१ | Prabhab National Daily | Friday, June 14, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-



पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com


# ‘भूउपयोग नीतिमा सरकार अस्पष्ट’

- भूउपयोग नीतिमा सरकार प्रष्ट हुनुपर्ने सांसदहरूको माग
- भूमिपति र भूमिहीनबीचको खाडल विद्यमान समस्या
- भुमिको वर्गिकरण नगरी महत्वपूर्ण विकासका कार्य अघि बढ्दैन
- बढ्दो शहरीकरणले कृषियोग्य जमिन मासिंदै

■ जेबी योञ्जन



तनहुँको व्यास नगरपालिका–५ स्थित साँघेफाँट, यो क्षेत्र धान उत्पादनका लागि प्रख्यात छ। *तस्बिरः रासस*

**काठमाडौं–** सरकारले बजेटमार्फत उद्योग स्थापना, रोजगारी सिर्जना र कृषिमा लगानी दशकजस्ता लोकप्रिय योजना अघि सारे पनि ती योजनाहरूको कार्यान्वयनका लागि भूमिको वर्गीकरण र एकीकृत उपयोग नीतिको अभाव छ । प्रतिनिधिसभा सदस्यहरूका अनुसार भूउपयोग नीतिमा सरकार अस्पष्ट पनि छ ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको विनियोजित बजेटमाथि बिहीबार भएको छलफलमा सहभागी हुँदै सत्तारुढ दल नेकपा माओवादी केन्द्रकी सचेतक रूपा सोशी चौधरी सरकार भूउपयोग नीतिमा प्रष्ट नभएसम्म विकासका अन्य योजना सही अर्थमा लागू हुन नसक्ने बताउँछिन् । ‘सरकारले कृषि उत्पादनको दशक मनाउने घोषणा गरेको छ । यसका लागि सबभन्दा पहिले भूमिलाई सही ढंगले व्यवस्थित गर्नुपर्छ’, उनले भनिन्, ‘भूउपयोग नीति सही हुन सकेन भने यो योजना सफल हुन सक्दैन ।’

भूमिसम्बन्धी नीतिका आधारमा विभिन्न ऐन र कानुन निर्माण भएका छन् । ती ऐन कानुनका आधारमा नियमावलीहरूसँगै कार्यविधिसमेत तयार छन् । तर, पनि भएका कुनै पनि कानुनी प्रावधानले सरकारको भूउपयोग नीति के हो प्रष्ट पार्न नसकेको एमाले सांसद ठाकुर गैरले बताए ।

‘देशमा गुठीका समस्या छ । सरकारी जमिनको समस्या छ । सुकुम्वासी समस्या छ । यसको समाधान नगरी भूउपयोग नीतिको कार्यान्वयन सम्भव छैन’, उनले संसद बैठकमा भने, ‘भूमिको वर्गीकरण र उपयोगका लागि नीतिगत रूपमा समस्या समाधान नगरी अरू महत्वपूर्ण विकासका कार्यमा अगाडि बढ्न सक्दैनौं ।’

> संविधानतः देश समाजवादउन्मुख छ । समाजवादमा भूमिमाथिको स्वामित्व सरकारको हुन्छ । व्यक्तिको हुँदैन । तर, अझैसम्म भूउपयोगको नीति कार्यान्वयन गर्ने सन्दर्भमा सरकारको प्रष्ट दृष्टिकोण छैन ।

देशमा भूमिहीन समस्या विकराल छ । भूमि अभावमा भूमिहीनहरूको बिजोक छ । सुकुम्बासीहरू पनि उत्तिकै छन् । हजारौं खेती किसानी वर्गसँग जमिन अभाव छ । तर, जो खेती किसानी गर्दैन, उनीहरू भूमिपति बनेर बसेका छन् । नेकपा एकीकृत समाजवादीका प्रमुख सचेतक मेटमणि चौधरी भूमिपति र भूमिहीन समस्या नतोडिञ्जेलसम्म देशलाई सही गति दिन नसकिने बताउँछन् ।

जमिनकै कारणले समाजमा असमानता रहेको, गरिब र धनीबीचको खाडल बढिरहेको र आमकिसानमाथि शोषण विद्यमान रहेको दाबी गर्दै उनले भने, ‘जो कृषक हो, उसैसँग जमिन छैन ।’ उनले सबै जमिन सरकारको बनाउने नीति लिएर अगाडि बढ्न सरकारलाई सुझाए । ‘सबै जमिन सरकारको नाममा ल्याउने खालको नीति बनाउन सक्नुपर्छ । यो दिशामा मुलुक अगाडि बढ्नुपर्छ’, उनले भने, ‘एउटै पोलिसी बनाएर समग्र जमिन सरकारको बनाउने कुरामा सरकारको ध्यानाकर्षण गर्न चाहन्छु ।’

उनका अनुसार यसो गरिएमा जमिनको कारणले जनतामाथि भइरहेको शोषण समाप्त हुने छ । जमिन सरकारको नाममा लिएपछि तिरो लिएर आवश्यकताका आधारमा जमिन उपलब्ध गराउने नीति बनाउन सकिने उनको भनाई छ । सरकारले अझैसम्म जग्गा वर्गीकरणको नीति अख्तियार गरेको छैन । जसकारण सरकार पहाडको जग्गालाई एकीकरण गर्ने र तराईको जग्गालाई वर्गीकरण गर्ने, स्कुल कहाँ बनाउने, घर कहाँ बनाउने र उद्योग कहाँ चलाउने ? जस्ता विषयमा अस्पष्ट छ ।

यस्तो अवस्था धेरै लामो समय रहन नहुने भन्दै राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रमुख सचेतक ज्ञानबहादुर (ज्ञानेन्द्र) शाहीले भूमिको वर्गीकरणका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारणमन्त्री बलराम अधिकारीले कठोर बनेर कदम चाल्नुपर्ने बताए । काठमाडौंका मेयर बालेन साह जसरी कठोर बनेको अवस्थामा परिणाम निस्किने उनको दावी छ ।

‘अप्रिय निर्णय गरिदिनुस्, जहाँजहाँ बस्ती हुन्छन् त्यो बस्ती भएका ठाउँमा कसैले खानी चलाउन पाइँदैन भन्ने नीति बनाउनुस्’, भूमिमन्त्री बलराम अधिकारीलाई आग्रह गर्दै उनले भने, ‘कृषियोग्य जमिनमा कसैले बस्ती बसालेको छ भने काठमाडौं महानगरपालिका मेयर बालेन्द्र शाहले झै डोजर लगेर भत्काइदिनु । त्यसपछि बल्ल देश सही बाटोमा जान्छ ।’

(क्रमशः पृष्ठ २ मा)

## अन्तर्राष्ट्रिय श्रम सम्मेलनमा राष्ट्रपति पौडेलको सम्बोधन

# वैदेशिक रोजगारीमा गएका नेपालीलाई सम्मानपूर्ण व्यवहार गर्न अपिल



- श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न विश्व समुदायसँग आग्रह
- सामाजिक न्यायका लागि जलवायु न्यायलाई बिर्सन नमिल्ने भनाइ
- कार्बन उत्सर्जनमा नगन्य योगदान दिए पनि नेपालले जलवायु परिवर्तनको सबैभन्दा खराब असरको सामना गरिरहेको उल्लेख

**जेनेभा (स्वीट्जरल्याण्ड)–** राष्ट्रपति पौडेलले वैदेशिक रोजगारीमा गएका नेपाली युवा जनशक्तिलाई सम्मानपूर्ण व्यवहार गर्न विश्व समुदायसमक्ष अपिल गरेका छन् । स्वीट्जरल्याण्डको जेनेभामा सुरु भएको ११२औं अन्तर्राष्ट्रिय श्रम सम्मेलनको उच्चस्तरीय सत्रमा आयोजना गरिएको ‘सामाजिक न्यायका लागि विश्वव्यापी गठबन्धन’को बिहीबार उद्घाटन सत्रलाई मुख्य वक्ताका रूपमा सम्बोधन गर्दै उनले यस्तो अपिल गरेका हुन् ।

‘विकासशील मुलुकका युवाहरू कामको खोजीमा श्रम गन्तव्य मुलुकमा जाने क्रम बढ्दो छ । यस तथ्यलाई मध्यनजर गर्दै विश्वका सबै मुलुकहरूलाई म अपिल गर्न चाहन्छु कि वैदेशिक रोजगारीमा गएका श्रमिकको कामको कदर गर्दै उनीहरूलाई स्वदेशी कामदारसरह व्यवहार गरियोस्,’ राष्ट्रपति पौडेलले भने ।

उनले श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न सबैलाई अपिल गरे । श्रम जगत्ले नै विश्वलाई समृद्ध बनाएको उल्लेख गर्दै उनले श्रमबाट आएको प्रतिफलको न्यायोचित हिस्सा कामदारको हातमा पुग्ने कुरा सुनिश्चित गर्नु सबैको साझा दायित्व र सामाजिक न्याय भएको उल्लेख गरे । ‘श्रमिकलाई समानता र न्याय कायम गराउनु हाम्रो सामूहिक संकल्प पनि हो, स्वतन्त्रता र सामाजिक न्यायका लागि आफ्नो ऊर्जाशील जीवन अर्पण गरेको, १५ वर्ष जेलजीवन बिताएको एक अधिकारकर्मीका नाताले विश्वका सबै देश र समाजमा रहेका निमुखा र विपन्न नागरिकले न्यायसँगै भोक र भयबाट मुक्ति पाउनुपर्छ,’ राष्ट्रपति पौडेलले भने ।

सामाजिक न्यायका माध्यमबाट दिगो शान्ति प्राप्त गर्ने सबैको सामूहिक प्रयास आज पनि उत्तिकै सान्दर्भिक रहेको राष्ट्रपति पौडेलले बताए । निमुखालाई न्याय र विपन्नलाई आयको व्यवस्था नभए दिगो शान्ति सम्भव नहुने उनको भनाइ थियो । ‘सामाजिक न्यायका माध्यमबाट दिगो शान्ति प्राप्त गर्ने सामूहिक प्रयास १०० वर्षअघि जस्तै आज पनि सान्दर्भिक छ,’ उनले भने ।

राष्ट्रपति पौडेलले आजको श्रमबजार तीव्रगतिमा परिवर्तन भइरहेको जनाउँदै यसले नवीन सीपको, नयाँ प्रविधिको र सिर्जनशील कार्यशैलीको माग गरेको बताए । उनले भने, ‘औद्योगिक उत्पादन हुन् वा सेवा क्षेत्र वा सूचना प्रविधिमा आधारित बैंकिङ सेवा, यन्त्र सिकाइ र कृत्रिम बौद्धिकता किन नहुन्, सबै क्षेत्रमा परिवर्तन आएको छ, कार्य प्रकृतिमा आएको परिवर्तनको सामना गर्न थप ग्रहणशीलता र नवीन कार्यशैली आवश्यक छ ।’

राष्ट्रपति पौडेलले विश्वले विद्युतीय, दूरसेवा अर्थतन्त्रलगायत नवीन चुनौतीलाई आत्मसात् गरेकाले यी सबै क्षेत्रमा मर्यादित श्रमको कार्यसूची कार्यान्वयन गर्न प्रतिबद्ध रहेको उल्लेख गरे । ‘हामीले नयाँ काम, सीप र कार्यस्थलका लागि आफूलाई तयार राख्नुपर्दछ,’

(क्रमशः पृष्ठ २ मा)

**सन्दर्भ: वैदेशिक रोजगार**

# धरौटी रकम फ्रिज भएकोमा म्यानपावर व्यवसायी निराश

■ मोहन प्रसाद पन्त

**काठमाडौं–** वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजतपत्र लिदा धरौटीवापत राखिएको रकम फ्रिज भएकोप्रति म्यानपावर व्यवसायीहरूले निराश देखिएका छन् । धरौटीवापत राखिएको रकम व्यवसायीको हित र प्रयोजनमा नआएको भन्दै व्यवसायीलाई इजाजत दिंदा बैंक ग्यारेण्टीको मात्र व्यवस्था गरिनुपर्ने उनीहरूको भनाई छ ।

धरौटीबापत राखिएको झण्डै १८ अर्ब रूपैयाँ सरकारले फ्रिज गरिराखेको व्यवसायीको गुनासो छ । ‘सरकारले राखेको धरौटी रकमबाट अहिलेसम्म कहींकतै राहत मिलेको छैन, न अफ्ठ्यारोमा काम चलाउन पाइएको छ,’ एक व्यवसायीले निराशा व्यक्त गरे । वैदेशिक रोजगार सम्बन्धी कार्यका लागि ईजाजतपत्र लिंदा नगद र बैंक ग्यारेण्टीसहित २ करोड देखि ६ करोड रूपैयाँसम्म राज्यकोषमा धरौटीवापत राख्नुपरेको व्यवसायीहरूले बताउँदै आएका छन् ।

वैदेशिक रोजगारीका क्षेत्रमा थुप्रै खालका समस्या रहेको भन्दै समाधानका लागि सरकारबाट आवश्यक सहजीकरण र सहयोग हुनुपर्ने नेपाल वैदेशिक रोजगार व्यवसायी संघका महासचिव मेघनाथ भुर्तेलले बताए । उनका अनुसार धरौटीबापत राखिएको अर्बौ रूपैयाँ व्यवसायीको हितमा उपयोग हुन सकेको छैन । छिमेकी मुलुकको प्रावधान समेतलाई मध्यनजर गरी धरौटी सम्बन्धी व्यवस्थालाई पुनः मुल्याङकन गर्नुपर्ने महासचिव भुर्तेलले बताए ।

> धरौटीबापत राखिएको झण्डै १८ अर्ब रूपैयाँ सरकारले फ्रिज गरिराखेको व्यवसायीको गुनासो छ । ‘सरकारले राखेको धरौटी रकमबाट अहिलेसम्म कहींकतै राहत मिलेको छैन, न अफ्ठ्यारोमा काम चलाउन पाइएको छ ।’

अर्का एक व्यवसायीका अनुसार धरौटी भनेर राखिएको रकमको साँवा न व्याज भएको छ । ‘सरकारले धरौटी राखेपनि त्यसबाट आउने व्याज व्यवसायीलाई दिनुपर्ने हो,’ उनले भने, ‘नीजि सम्पतीको हक भएपनि सरकारले विभिन्न नाममा कोष खडा गरिएको भन्दै कानुन विपरीत व्याज खाइरहेको छ, ती कोषबाट न व्यवसायीले राहत पाएका छन्, न विदेशमा अफ्ठ्यारो परेका नेपाली कामदारको उद्धारमा खर्च भएको छ ।’ व्यवसायीले धरौटीबापत राखिएको रकमबाट आएको ब्याज व्यवसायी कल्याणकारी कोषमा जम्मा हुने भनिएकोमा कोरोना महामारीको समयमा अफ्ठ्यारो पर्दासमेत कुनै व्यवसायीले लाभ लिन नसकेको उनको भनाई छ ।

धरौटीको रकमबाट आएको ब्याज व्यवसायी कल्याणकारी कोषमा राख्ने भनिएपनि अहिलेसम्म कुनै प्रयोजनमा आउन नसकेको वैदेशिक रोजगार व्यावसायी गणतान्त्रिक मञ्चका महासचिव कुन्छा दोर्जे डिम्दोङले बताए । नीजि क्षेत्रको एकल प्रयासले मात्र वैदेशिक रोजगार क्षेत्र यो अवस्थामा आइपुगेको भन्दै उनले यस क्षेत्रको समस्या समाधानमा सरकार जिम्मेवार हुन नसक्दा व्यवसायीहरू मर्कामा परेको बताए । ‘हामीले व्यवसायीको धरौटी फिर्ता गर्न र बैंक ग्यारेन्टीको व्यवस्था गर्नुपर्छ भनेर पटक पटक सरकारको ध्यानाकर्षणसमेत गराएका छौं,’ उनले भने, सरकारले कुनै सुनुवाई नै गरेको छैन, व्यवसायी मर्कामा परेका छन् ।’

सरकारले धरौटी भन्दा पनि वैदेशिक रोजगार व्यवसायमा रहेको विकृति विसंगती हटाउन र विविध प्रकारका सिण्डीकेट तथा एकाधिकारविरुद्ध आवश्यक पहलकदमी लिनुपर्ने डिम्दोङको भनाई छ ।

**कुवेतको श्रमिक क्याम्पमा आगलागी**

## ४९ आप्रवासी श्रमिकको मृत्यु, तीनजना नेपाली घाइते

**काठमाडौं, (प्रस)–** कुवेतको माङफास्थित श्रमिक क्याम्पमा आगलागी हुँदा तीन जना नेपाली घाइते भएको त्यहाँस्थित नेपाली राजदूतावासले जनाएको छ । बुधबार विहान कुवेतमा आप्रवसी श्रमिकहरू बस्ने ६ तले भवन (क्याम्प)मा एक्कासि आगलागी हुँदा ४९ आप्रवासी श्रमिकको मृत्यु भएको थियो । मृत्यु हुनेहरूको राष्ट्रियता पहिचान भइनसकेको बताइए पनि उक्त घटनामा पाँच जना नेपालीहरू रहेको पुष्टि भएको छ ।

पाँचजना मध्ये तीन जना नेपाली घाइते भएको र दुईजना सकुशल रहेको दूतावासले जनाएको छ । आगलागीबाट सामान्य घाइते भएका शिवशंकर पासवान र दोर्जे लामाको अदान अस्पतालमा उपचार भइरहेको छ । उपचारत पासवान र लामाको स्वास्थ्य अवस्थाको बारेमा अस्पतालमा नै पुगेर दूतावासले जानकारी लिएको उल्लेख गरेको छ । दिनेश कुमार मंडलको भने फरवानिया अस्पतालमा सामान्य उपचार पछि डिस्चार्ज भइसकेको दुतावसाले जनाएको छ ।

त्यस्तै, जाकिर नाडाफ र सन्तोष कुमार गोइत भने सुरक्षित रहेको कम्पनिले जानकारी दिएको दूतावासको भनाई छ ।

दूतावासका अनुसार त्यहाँ भएका नेपालीहरूले झ्यालबाट हाम फालेर ज्यान जोगाउन सफल भएका छन् । कुवेतको एनबीटीसी कम्पनीको क्याम्प नम्बर ४ मा नेपालसहित दक्षिण एसियाबाट ल्याइएका श्रमिकहरूलाई राखिएको बताइएको छ ।


# कर्मचारी आवश्यकता




यस म्यानपावर कम्पनीको लागि निम्न कर्मचारी आवश्यकता परेकाले योग्य व्यक्तिहरुबाट आफ्नो बायोडाटासहित यथासिघ्र सम्पर्क गर्न अनुरोध गरिन्छ ।

१. पब्लिक रिलेसन अफिसर (PRO) : २ जना (पुरुष/महिला)
२. डकुमेन्टेशन अफिसर : ३ जना (पुरुष/महिला)
३. रिशेप्सनिस्ट : ३ जना (महिला)
४. अफिस रनर : २ (पुरुष, ३०-४५ वर्षको हुनुपर्ने)
५. अफिस सेक्रेटरी: १ जना (महिला)
६. एकाउन्टेन्ट: १ जना (महिला)
७. अफिस असिस्टेन्ट: १ जना (महिला)
८. म्यानेजर : १ जना (पुरुष, कम्तीमा ५ वर्ष अनुभवी)

तलब आपससी समझदारीमा

नोटः सम्बन्धित क्षेत्रमा २ वर्ष अनुभव, अंग्रेजी राम्रोसँग बोल्न लेख्न सक्ने, कम्प्युटरको ज्ञान हुनुपर्ने छ । डकुमेन्टेशन अफिसरका लागि फेमिस चलाउन जान्ने ।

HIMALAYAN VALLEY NEPAL PVT.LTD.
Gausala-9, Kathmandu, Nepal, Tel: +977-1-4110403, 4110453
9801035459, 9862133244, E-mail : hvnepal75@gmail.com,
hvnepal2019@gmail.com, Web: www.hvnepal.com

# नेपालका लोपोन्मुख र मातृभाषाको संरक्षण गरिने

**भक्तपुर (प्रस)–** भाषा आयोग र काठमाडौं स्कुल अफ लले संयुक्तरूपमा नेपालका लोपोन्मुख एवं मातृभाषाको विकास, अध्ययन, अनुसन्धान र संरक्षण गर्ने भएका छन् । मातृभाषाका साथै विशेषगरी लोप हुन लागेका भाषाको विकास र संरक्षणमा संयुक्त प्रयास गर्नेगरी काम थालिएको हो ।

भाषा विज्ञान, भाषा नीति र कानुनसम्बन्धी अनुसन्धान एवं नीति निर्माण वा परिवर्तनका प्रयासमा सहकार्य गर्ने, परस्पर पहिचान गरिएका आपसी चासोका क्षेत्रमा अध्ययन अनुसन्धान, प्रशिक्षण, कार्यशाला र सम्मेलनको संयुक्तरूपमा विकास र संरक्षण गर्न विभिन्न कार्यक्रम सञ्चालन गर्नेगरी सम्झौता गरी आयोजना अगाडि बढाएको कार्यकारी निर्देशक प्रा.डा. युवराज संग्रौलाले जानकारी दिए ।

काठमाडौं स्कुल अफ लमा भाषा आयोगका पदाधिकारी, प्राध्यापक तथा विद्यार्थीबीचको छलफल र सहभागितामा भाषाको संरक्षण र विकास गर्न सहकार्य गर्नेसम्बन्धी समझदारीपत्रमा भाषा आयोगका कामु सचिव डा. लोकबहादुर लोप्चन र स्कुल अफ लका कार्यकारी निर्देशक प्रा.डा. संग्रौलाले हस्ताक्षर गरे । शैक्षिक स्रोत, अनुसन्धानका निष्कर्ष, विज्ञता, पूर्वाधारमा साझेदारी, शैक्षिक तथा अनुसन्धान प्रयोजनका लागि आवश्यक अन्य सुविधाको आदानप्रदान गर्ने, एकअर्काबीच रहेको सीप, ज्ञान तथा प्राज्ञिक र व्यावसायिक अनुभवहरू साझेदारी गरेर क्षमता अभिवृद्धि र व्यावसायिक विकासमा सहजीकरण गरिने भएको छ ।

आयोगका अध्यक्ष डा. गोपाल ठाकुरले सबै मातृभाषाको समान विकास गर्न अवरोध पुऱ्याउने संविधानका धारामा रहेका छिद्रहरूलाई सच्याएर संविधान संशोधन र ऐन संशोधनमार्फत सबै भाषालाई समानताको अधिकार प्रदान गरेर जानुपर्ने आवश्यकता औंल्याए ।

स्कुल अफ लका कार्यकारी अध्यक्ष डा. गोविन्दप्रसाद कुसुमले दुई पक्षबीचको समझदारीले नेपाली भाषा संस्कृतिमाथि विभिन्न कोणबाट भइरहेको अतिक्रमण र हस्तक्षेपलाई संरक्षण गर्ने बताए । उनले स्कुल अफ लले सीमान्तकृत समुदायका विद्यार्थीलाई छात्रवृत्ति दिएर कानुन शिक्षामार्फत त्यस समुदायको भाषा संरक्षण गर्ने जमर्कोसमेत गरेको बताए ।

स्कुल अफ लका कार्यकारी निर्देशक प्रा.डा. संग्रौलाले भाषा मऱ्यो भने देश बाँच्न सक्दैन भन्दै नेपालमा बोलिने हरेक भाषाको संरक्षणका लागि अनुसन्धानमूलक प्राज्ञिक अध्ययनमार्फत भाषा नीति र कानुनी व्यवस्थामा समसामयिक सुधारका लागि अगाडि बढ्ने बताए । आयोगका कामु सचिव डा. लोप्चनले भाषाको संरक्षणका लागि मातृभाषा, नेपाली भाषा, अन्य भाषा गरी स्तरीकरण गर्नु आवश्यक रहेको र यसका लागि प्राज्ञिक अनुसन्धानमार्फत भाषा समृद्धिको राष्ट्रिय संरचना बनाउन आवश्यक रहेको बताए ।

वि.सं. २०५७ मा स्थापना भई पूर्वाञ्चल विश्वविद्यालयबाट सम्बन्धन प्राप्त समुदायमा आधारित गैरनाफामूलक शैक्षिक संस्था काठमाडौं स्कुल अफ ल विश्वविद्यालय अनुदान आयोगबाट वि.सं. २०७९ मा विश्व मान्यता गुणस्तर सुनिश्चितता प्रत्यायन प्रमाणपत्र प्राप्त गर्ने नेपालकै पहिलो र एकमात्रै कानुन अध्ययन गर्ने शैक्षिक संस्था भएको कलेजका सञ्चारमाध्यम हेर्ने मिडिया को-अर्डिनेटर प्रदीप पाठकले जानकारी दिए ।

पृष्ठ १ बाट क्रमशः

## भूउपयोग नीतिमा...

हरेक वर्ष देशमा कृषियोग्य जमिन मासिँदै गएको छ । बाँझो हुने समस्या त झन् बढ्दो छ । यसप्रति सबै गम्भीर हुनुपर्ने पनि शाहीले बताए । भूमि नीति सुधार गर्न नसके नेपालको भविष्य अन्धकारतर्फ उन्मुख हुने उनको चेतावनी छ । ५ वैशाख २०७९ मा भू-उपयोग नियमावली २०७९ मन्त्रिपरिषदबाट स्वीकृत भएको भइसकेको छ । सोही आधारमा ३१ साउन २०८० मा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले मुलुकभरका स्थानीय तहलाई परिपत्र गर्दै जग्गा ख वर्गीकरण गर्न भनेको थियो ।

कृषि, आवासीय, व्यावसायिक, औद्योगिक, खानी तथा खनिज, वन, नदी, खोला, ताल, सिमसार, सार्वजनिक उपयोग, सांस्कृतिक तथा पुरातात्विक महत्व र नेपाल सरकारबाट आवश्यकताअनुसार तोकिएका अन्य क्षेत्रमा जग्गाको वर्गीकरण अनिवार्य गर्नुपर्ने नियमावलीमा छ । सोही पत्राचार भए पनि जग्गाको वर्गीकरण हुन सकेको छैन । जग्गाको वर्गीकरण नहुँदा कृषियोग्य जमिनमा जथाभावी प्लटिङ भइरहेको छ । यसप्रति माओवादीकै सांसद माधव सापकोटा चिन्तित छन् । उनी भन्छन्, 'जहाँ उत्पादन राम्रो हुन्छ, त्यहाँ प्लटिङ शहर बसाइन्छ । केही उत्पादन नहुने पहाडी ठाउँमा घर बनाइछ', उनले भने, 'योभन्दा हाँस उठ्दो केही हुँदैन ।'

संविधानतः देश समाजवादउन्मुख छ । समाजवादमा भूमिमाथिको स्वामित्व सरकारको हुन्छ । व्यक्तिको भने हुँदैन । तर, अझैसम्म भूउपयोगको नीति कार्यान्वयन गर्ने सन्दर्भमा उक्त नीतिबारे सरकारको प्रष्टता छैन ।

सही भूउपयोग नीति लिनका लागि के कस्ता वातावरण बनाउनुपर्ने हो बनाउन सरकारलाई कांग्रेस सांसद अर्जुननरसिंह केसीको सुझाव छ । सरकारी र सार्वजनिक जग्गा हिनामिना गर्नेहरूमाथि कारबाही चलाएर अगाडि बढ्दा सहज हुने भए यो नीति लिएर पनि सरकार अगाडि बढ्न सक्ने केसीको राय छ । 'सार्वजनिक जग्गा हिनामिना गर्ने जुनसुकै पार्टीको भए पनि जतिसुकै शक्तिशाली भए पनि कारबाही गर्ने हिम्मत सरकारले गर्नुपर्छ', केसीले भने । बिहीबारदेखि भूमि, व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको आगामी बजेटबारे छलफल भइरहेको छ । भूमिमन्त्री बलराम अधिकारीसहितका पदाधिकारी बैठकमा आउने गरेका छन् ।

■■■

## वैदेशिक रोजगारीमा...

उनले भने, 'विकासमा खर्च गर्नुपर्ने ठूलो रकम घातक हतियारमा लगानी गरिएको छ, अन्तर्राष्ट्रिय समुदायले यो पथलाई उल्टाउनुपर्छ र समग्र मानवताको समृद्धिका लागि स्रोतहरू परिचालन गर्नुपर्छ ।'

राष्ट्रपति पौडेलले दिगो शान्ति हतियारबाट नभई साझा समृद्धि र विश्वबन्धुत्वको भावनाबाट प्राप्त गर्न सकिने बताए । उनले नेपालको संविधानले श्रमसम्बन्धी, रोजगारी, ट्रेड युनियन गठन र सामूहिक सौदाबाजीमा सहभागी हुन पाउने हकलाई मौलिक हकका रूपमा व्यवस्था गरेको उल्लेख गरे ।

राष्ट्रपति पौडेलले संविधानको उक्त व्यवस्था कार्यान्वयनका लागि श्रम, ट्रेड युनियन, रोजगारीको हकसम्बन्धी, योगदानमा आधारित सामाजिक सुरक्षा ऐन तथा राष्ट्रिय रोजगारी नीतिजस्ता कानुनी र संस्थागत प्रबन्धहरू गरिएको पनि बताए । उनले भने, 'सबै उत्पादनशील युवा शक्तिलाई रोजगारीको व्यवस्था गर्न सकिएको छैन । आन्तरिक रोजगारी सिर्जनाका लागि 'श्रमाधान' योजनाको सुरूआत गरेका छौं ।'

### जलवायु न्यायलाई नबिर्सन आग्रह

राष्ट्रपति पौडेलले सामाजिक न्यायको कुरा गरिरहँदा विश्वस्तरमा स्थापना गरिनुपर्ने जलवायु न्यायलाई बिर्सन नमिल्ने बताए । उनले विश्व समुदाय खास गरेर विगतदेखि हालसम्मका ठूला उत्सर्जनकर्ता यो जिम्मेवारीबाट विमुख हुन नहुने बताए । 'हामीले सामाजिक न्यायको कुरा गरिरहँदा विश्वस्तरमा स्थापना गरिनुपर्ने जलवायु न्यायलाई बिर्सन मिल्दैन,' राष्ट्रपति पौडेलले भने, 'जलवायु परिवर्तनका नकारात्मक असर हरूको सन्दर्भमा जलवायु जोखिममा रहेका देशहरूलाई पर्याप्त कोष र आवश्यक प्रविधि उपलब्ध गराएर जलवायु न्याय तुरुन्तै सुनिश्चित गरिनुपर्छ ।'

उनले कार्बन उत्सर्जनमा नगण्य योगदान दिए पनि नेपालले जलवायु परिवर्तनको सबैभन्दा खराब असरको सामना गरिरहेको जनाउँदै यसमा नेपालको कुनै दोष नभएको स्पष्ट पारे । 'पछिल्ला वर्षहरूमा संसारकै सर्वोच्च शिखर सगरमाथालगायत हाम्रा हिमालयहरू आफ्ना हिउँ गुमाउँदै काला पहाडमा परिणत हुन थालेका छन् । हिमनदीहरू अभूतपूर्व परिमाण र गतिमा पग्लिरहेका छन्,' उनले भने, 'जलवायु परिवर्तनले स्वच्छ पानी, बाली, जैविक विविधता र स्वास्थ्यमा गम्भीर असर पुग्नुका साथै लाखौं मानिसलाई गरिबी र असमानतातर्फ धकेलिरहेको छ । जलवायु परिवर्तनबाट सिर्जित विपद्का कारण परिवार, समुदायको विस्थापन र जीविकोपार्जनमा हुने क्षतिले समस्या थप जटिल बनाएको छ ।'

उनले सामाजिक न्यायका लागि विश्वव्यापी गठबन्धनमा सहभागी भई सामाजिक न्यायप्रति पुनः प्रतिबद्धता जनाउन, बहुपक्षीयताप्रति पुनःविश्वास दोहोऱ्याउन तथा सामाजिक सम्झौतालाई नवीकरण गर्न पाउँदा आफूहरू अत्यन्त उत्साहित भएको उल्लेख गरे । 'आज घोषणा भएको यो विश्वव्यापी गठबन्धन, अन्तर ष्ट्रिय श्रम संगठनको आदर्शका रूपमा रहेको सामाजिक न्याय सबैका लागि र सबै क्षेत्रमा अंगीकार गर्ने दिशामा हाम्रो भद्र समर्थन र साझा प्रतिबद्धता हो । श्रमिकलाई समानता र न्याय कायम गराउनु सामूहिक संकल्प पनि हो । म श्रमको सम्मान गर्ने संस्कृतिको विकासका लागि सबैलाई अपिल गर्न चाहन्छु ।'

राष्ट्रपति पौडेलले अन्तर्राष्ट्रिय श्रम संग्रठनको संविधानको मूल मर्मका रूपमा रहेको सामाजिक न्यायले निर्दिष्ट गरेका समान अधिकार, समान अवसर र समान व्यवहारसम्बन्धी व्यवस्था नेपालको संविधानमा पूर्ण आत्मसात् गरेको बताए । उनले भने, 'निष्कर्षमा, सामाजिक न्यायका लागि विश्वव्यापी गठबन्धनले सामाजिक सद्भाव र सहिष्णुता कायम राख्न, आर्थिक विकास र समृद्धि हासिल गर्न सामाजिक संवादका माध्यमबाट सबैलाई ऐक्यबद्ध हुन निरन्तर प्रेरित गर्ने छ भन्ने मैले विश्वास लिएको छु ।'

अन्तर्राष्ट्रिय श्रम संग्रठनका महानिर्देशक गिलवर्ट टुंगबोले सम्बोधन राष्ट्रपति पौडेलले सामाजिक न्याय स्थापनाका लागि जीवनभर गरेको योगदानको उच्च प्रशंसा गरे । उनले राष्ट्रपति पौडेल सहभागितामूलक लोकतन्त्र, सामाजिक मूल्यको पक्षमा सधैं दृढतापूर्वक उभिएको भन्दै प्रशंसा गरेका थिए । उनले नेपालको संविधानले सन्तुलित समाज निर्माणका लागि सामाजिक न्यायका सिद्धान्तलाई पूर्णरूपले आत्मसात् गरेको बताउँदै सामाजिक संरक्षण र सामाजिक न्यायका लागि नेपाल एउटा पथप्रदर्शक सदस्यका रूपमा रहेको उल्लेख गरे । *रासस*

---

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको

### कम्पनीको दर्ता खारेज गरिएको सूचना

यस कार्यालयमा मिति २०७३/१०/०२ मा दर्ता भएको **प्रा.लि. नं. १६१८०३** को **युनिभर्स मनि एक्सचेन्जप्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०२/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

---


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : Saleh Ghurmallah Ahmed Al Samba Al Ghamdi Contracting Est

पूर्व स्वीकृति मिति: २०८१/०२/०४ पुन विज्ञापन स्वीकृति मिति: २०८१/०२/३१ LT. No.304923 चलानी नं. ६०२१९६७७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Pickup Truck Driver | 2 | 0 | 1800 | ६२,२७६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | SALES REPRESENTATIVE. | 2 | 0 | 1800 | ६२,२७६ | | | | | | | |
| 3 | Shelving Worker | 3 | 0 | 1200 | ४२,८४५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार २ गते (16th June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १००००/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

TARGET श्रम ईजाजत नं.८३३/०६६/०६७
**Target Consultant Human Resources Pvt. Ltd.**
Sinamangal-9, Shambhu Marga, Kathmandu, Nepal. Tel: +977- 015911250/015911251
FAX:+977-015911251, E-mail: info@targetnepal.com, Web: www.targetnepal.com


---

**Karnali Province Government**
**Ministry of Physical Infrastructure Development**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office (IDO)**
**Dolpa, Nepal**

## LETTER OF INTENT (LOI)

**Date of Publication: 2081/02/32(14th June, 2024)**

This is notify (as per section 27 (2) of Public Procurement Act 2063) to all concerned bidders that, we are going to award following contracts published on Madhyahna National Daily published on 2080/12/27 to following bidders selected as substantially responsive lowest evaluated bid fulfilling the qualification criterion.

| S. N. | Contract ID No. | Project Name | Substantially Responsive Lowest Evaluated Bidders | Bid Amount Including VAT & PS (NRs.) |
|---|---|---|---|---|
| 1 | IDO/DOP/ W/NCB/25/ 2080/081 | Jiyu Khor Khola Dheki–Shu Hudai- Ranhga Ghau (sadak) Road Construction Works-Tripurasundari Nagarpalika 3-4, Dolpa | M/s GT Construction, Surkhet. | 44590464.24 |

**Office Chief**

---


## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SALMAN AL-MUTAIRI TRANSPORT

पूर्व स्वीकृति मिति: २०८०/०५/१० पुन विज्ञापन स्वीकृति मिति: २०८१/०२/३१ LT. No. 291657 चलानी नं. ६०२०६७९२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Car Mechanic | 1 | 0 | 1400 | ४९,६१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ७ गते (21st June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**WORKFORCE SERVICES PVT. LTD.**
श्रम ईजाजत नं. १७२/०५६/५७
Sinamangal-09, Airport, Kathmadnu, Tel: +977-1-4569912, 4569913, 4569914
Email.:info@workforce.com.np, Web Site : wwww.workforce.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SHAIL AL QASR GLASS FACTORY CO.

पूर्व स्वीकृति मिति २०८१/०२/३० LT. No. 306354 चलानी नं. ६०२२१०८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Heavy Truck Driver | 2 | 0 | 1800 | ६३,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ७ गते (21st June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**VARSHA MANPOWER PVT. LTD.**
श्रम ईजाजत नं. ९५४/०६७/६८
Maharajgunj-3, Kathmandu, Phone No: 015908044/015906944

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : SAWAED AL-AASHA AL- DHAHABI RESTAURANTS FOR PROVIDING MEALS

पूर्व स्वीकृति मिति २०८१/०२/३० LT. No. 306361 चलानी नं. ६०२२११२०

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cook | 10 | 0 | 1800 | ६३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ७ गते (21st June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | नि:शुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: कामदार आफैंले सेवा शुल्क: १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**TRIPLE STAR EMPLOYMENT PVT. LTD.**
श्रम ईजाजत नं. ७९४/०६५/०६६
Samakhusi-29, Kathmandu, Nepal Tel: +9771 4353826,4359552, Mob No.: 9802011164, 9846026291, 9849881033 & 9814388624 Fax: +977-1-4362951

## कुवेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : BELLUCCI BEAUTY LADIES SALON COMPANY

पूर्व स्वीकृति मिति २०८१/०२/३० LT. No.306433 चलानी नं. ६०२२०९८७

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Beautician | 0 | 1 | 280 | ६०,६८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Hairdresser | 0 | 2 | 130 | ३०,३४० | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ७ गते (21st June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Saudi Nepal Recruitment Agency Pvt.Ltd.**
श्रम ईजाजत न .७९७/०६५/०६६
Ganesh Basti, Maharajgunj 04, Kathmandu, Nepal
Tel.+977-01-4720350, 4720849, 5908112
E-mail:info@saudinepal.comWebsite :www.saudinepal.com

## युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL GHAFA CLEANING SERVICES LLC

पूर्व स्वीकृति मिति २०८१/०२/३० LT. No. 306373 चलानी नं. ६०२२११११

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 80 | 0 | 800 | २८,९५५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Female Cleaner | 0 | 10 | 900 | ३२,५७५ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ७ गते (21st June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यतवस्था: रु. १,५००/- कामदार आफैंले सामाजिक सुरक्षा कोष बापतको न्युनतम पहिलो किस्ता: रु.२,००२/- कामदार आफैले
सेवा शुल्क: नि:शुल्क/-

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**S.And S.Human Resource Pvt. Ltd.**
श्रम ईजाजत नं. १२३८/०७४/०७५
Mahalaxmisthan, Lalitpur, Nepal Tel : +977-1-5523287
Fax : +977-1-5523287, E-mail : sands1238@gmail.com

## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : MANSOUR AHMED AL-MOHAMMADI CONTRACTING COMPANY

पूर्व स्वीकृति मिति २०८१/०२/३० LT. No. 306381 चलानी नं. ६०२२१११५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Construction Worker | 2 | 0 | 1200 | ४२,५३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ असार ७ गते (21st June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क: नि:शुल्क

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Paradeshi Overseas Services Pvt. Ltd.**
Govt. License 387/059/060
Kathmandu Metropolitan-7, Mitrapark Umakunda Marga, Nepal
Tel: +01-5914513
Email: info@paradeshioverseas.com.np & paradeshiservices@gmail.com
Website: www.paradeshioverseas.com.np

# साउनदेखि २८ जिल्लामा राष्ट्रिय परिचयपत्र अनिवार्य

**काठमाडौं–** सरकारले सामाजिक सुरक्षा भत्ता नवीकरणका लागि राष्ट्रिय परिचयपत्रलाई अनिवार्य गरेको छ । यही जेठ २४ गतेको मन्त्रिपरिषद् बैठकको निर्णयअनुसार त्यसरी परिचयपत्र अनिवार्य भएपछि अहिले जिल्ला प्रशासन कार्यालयमा भीड बढेको छ ।

राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागका महानिर्देशक युवराज कट्टेलले पहिलो चरणमा २८ जिल्लामा आगामी साउन १ गतेदेखि सामाजिक सुरक्षा भत्ता नवीकरण गर्न राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको बताए । अहिले विभागबाट ती जिल्लामा विवरण दर्ताका लागि जनशक्तिसमेत थप गरेर स्थानीय तहसँगको समन्वयमा जिल्ला प्रशासन कार्यालयले पालिका/वडास्तरमा अभियान सञ्चालन गरी विवरण दर्ता

## सामाजिक सुरक्षा भत्ता

भइरहेको उनले बताए ।

पहिलो चरणमा राष्ट्रिय परिचय नम्बर अनिवार्य गरिएका जिल्लामा झापा, रौतहट, रूपन्देही, मोरङ, सर्लाही, कपिलवस्तु, सुनसरी, काठमाडौं, दाङ, उदयपुर, भक्तपुर, बाँके, सप्तरी, ललितपुर, बर्दिया, सिरहा, सिन्धुली, सुर्खेत, धनुषा, मकवानपुर, कैलाली, महोत्तरी,



चितवन, कञ्चनपुर, बारा, कास्की, पर्सा र तनहुँ रहेका छन् । विभागले विगत चार वर्षदेखि ७३ जिल्लाका स्थानीय तहमा राष्ट्रिय परिचयपत्रको विवरण दर्ता अभियान सञ्चालन गरिरहेको छ । हाल सबै जिल्ला प्रशासन कार्यालय, ५४ इलाका प्रशासन कार्यालय तथा विभिन्न जिल्लाका स्थानीय तहमार्फत विवरण संकलनसमेत भइरहेको छ ।

सामाजिक सुरक्षा भत्ता नवीकरण २०८१ भदौ मसान्तसम्म गर्न सकिने भएकाले परिचयपत्रमा विवरण दर्ता नगरेका व्यक्तिले आफ्नो वडा कार्यालयसँग सम्पर्क गरी अभियानको समयमा वा आफ्नो समय अनुकूल नजिकको जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयमा विवरण दर्ता गर्न विभागले अनुरोध गरेको छ । विभागले बुधबार सूचना जारी गर्दै बालबालिका, आफ्नो हेरचाह गर्न नसक्ने, अशक्त, असहाय वा ९० वर्षभन्दा माथिका ज्येष्ठ नागरिकको हकमा परिचयपत्रमा विवरण दर्ता नभए पनि सामाजिक सुरक्षा भत्ता लिन बाधा नपर्ने जानकारी गराएको छ । *रासस*

# तातो हावाको लहर 'लू' प्रतिकार्यमा जुट्न आग्रह




**काठमाडौं–** रेडक्रस तथा रेडक्रिसेन्ट सोसाइटीको अन्तर्राष्ट्रिय महासंघ (आइएफआरसी)को आर्थिक एवं प्राविधिक सहयोगमा नेपाल रेडक्रस सोसाइटीले बाँकेको नेपालगञ्ज, रूपन्देहीको सिद्धार्थनगर, कैलालीको धनगढी र मोरङको विराटनगरमा तातो हावाको लहर 'लू' प्रतिकार्य कार्यक्रमका गतिविधिहरू सञ्चालन गरिरहेको छ । कार्यक्रमअन्तर्गत समुदायका लूबाट बच्ने उपायका बारेमा सचेतना कार्यक्रम र सार्वजनिक स्थानमा खानेपानी वितरण गरिरहेको छ ।

गर्मी याममा असामान्यरूपमा अत्यधिक तापक्रम बढी तातो हावा चलेको अवस्थालाई तातो हावाको लहर वा 'लू' भनिन्छ । बढी गर्मीका कारण थकान र कमजोरी महसुस हुने, चक्कर लाग्ने, बेस्सरी टाउको दुख्ने, वाकवाकी लाग्ने, हातगोडा बाउँडिने, हातगोडा वा अनुहार सुन्निने र बेहोस हुने, मुटुको धड्कन बढ्न सक्ने जनाइएको छ । साथै छाला सुक्खा र रातो हुने, पिसाबको रङ पहेँलो हुने, श्वास फेर्न गाह्रो हुने र रक्तचाप कम हुने, एक सय चार डिग्री फरेनहाइटभन्दा बढी ज्वरो आई बिरामी बेहोस हुने वा कोमाको लक्षण देखिन सक्छ ।

सीमान्तकृत समुदाय लक्षित गरी लूसम्बन्धी जनचेतनाका गतिविधिहरू सञ्चालन भइरहेको यहाँस्थित आइएफआरसीले जनाएको छ । 'हिट एक्सन डे'अर्थात् तातो हावा लू दिवस अवसरमा बुधबार आयोजित कार्यक्रममा आइएफआरसीका प्रमुख अजमद उल्लाले तातो हावा लूबाट प्रभावित नेपालको मधेस तराईका जिल्लामा नेपाल रेडक्रस सोसाइटी र आइएफआरसीका साझेदार राष्ट्रिय सोसाइटीहरूको सहकार्यमा प्रतिकार्य र न्यूनीकरणका गतिविधि सञ्चालन भइरहेको जानकारी दिए । उनले भने, 'लू प्रतिकार्य र न्यूनीकरणका लागि यहाँका परम्परागत ज्ञान र सीपलाई उपयोगमा ल्याउँदै थप अनुसन्धान गर्नुपर्छ । यसबाट पर्ने जोखिमलाई घटाउँदै जानुपर्छ । यसका लागि समुदायलाई नै सक्षम बनाउनुपर्दछ ।'

सो कार्यक्रममा अमेरिकी अन्तर्राष्ट्रिय सहयोग नियोग (युएसआइडी)का इन्भाइरोमेन्ट एण्ड रिजिलियन्स कार्यालयका कार्यवाहक उपनिर्देशक डेभिड आरम्यानले लूबाट जोगिने उपायका बारेमा समुदायलाई पूर्वसचेत जगाउन आवश्यक रहेकामा जोड दिँदै जलवायु परिवर्तनका कारण तापक्रम बढ्ने क्रम जारी रहेको बताए । उनले भने, 'विश्वव्यापी समस्याका रूपमा रहेको तातो हावा लूको प्रतिकार्यका लागि सम्बन्धित सबै पक्षको सहकार्य र समन्वय आवश्यक छ ।' नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष प्राध्यापक सुदर्शनप्रसाद नेपालले हिट एक्सनका क्षेत्रमा सरकारको सहयोगीको रूपमा नेपाल रेडक्रसले स्थानीय निकायहरूसँग समन्वय गरी प्रतिकार्यका विभिन्न गतिविधिहरू सञ्चालन गरिरहेको बताए ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले तातो हावाबाट पर्ने प्रभाव र लेखाजोखा अझ गम्भीर रूपमा हुनुपर्नेमा जोड दिँदै तातो हावासँग सम्बन्धित सूचना, शिक्षा र सञ्चार सामग्री विभिन्न स्थानीय भाषामा तयार गरी प्रकाशन, प्रसारण गर्नुपर्ने बताए । उनले भने, 'यसका लागि सामाजिक सञ्जाल र एफएम रेडियो अझ प्रभावकारी र उपयोगी देखिएको छ ।' कार्यक्रममा युवा रेडक्रस सर्कलका स्वयंसेवकहरूले तातो हावाबाट बच्ने उपाय र अपनाउनुपर्ने सावधानीका विषयमा सन्देशमूलक नाटक प्रस्तुत गरेका थिए ।


नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६७/०८/२६ मा दर्ता भएको **प्रा.लि. नं. ७८३८२७** को **राज पोखरा टुर्स एण्ड ट्राभल्स प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८१/०२/३१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**कर्मचारी हटाइएको सम्बन्धी सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगारीका लागि इजाजत प्राप्त कम्पनी इजाजत नम्बर १०९३/०७३/०७४ यस **Al Haya Recruitment Pvt. Ltd** मा कार्यरत तपसिल पदमा कार्यरत कर्मचारीहरुले आफ्नो व्यक्तिगत समस्याका कारण कार्यालयलाई समय दिन नसक्ने भनी राजीनामा दिएकाले आवश्यक प्रक्रिया पुरा गरी कर्मचारी हटाइएको दाबी विरोध सम्बन्धी ७ दिने सूचना प्रकाशन गरिएको छ । निज व्यक्तिहरुसँग यस प्रा.लि. सँग सम्वन्धित आर्थिक तथा अन्य कुनै पनि कारोबार नगर्नु नगराउनु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । यदि निजसँग वैदेशिक रोजगारसँग सम्बन्धित कुनै आर्थिक लेना देना भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस प्रा.लि. मा सम्पर्क गर्न आउनुहोला अन्यथा कानून बमोजिम भै जाने व्यहोरा अनुरोध छ ।

| नाम | नागरिकता नम्बर | पद |
|---|---|---|
| प्रशान्त गिरी | ५२१०३४/७ | पि.आर.ओ |
| सिमा तामाङ | ६८४२४ | कार्यालय सहायक |
| रञ्जिता परियार | ३९-०२-७८-०२५६१ | डकुमेन्टेशन सहायक |
| रमेश कोइराला | ०५२००४-७१५३ | लेखाशाखा |

**Al Haya Recruitment Pvt. Ltd.**
Dumbarahi, Kathmandu, Nepal Phone No. +977-1-4008610
E-mail : alhaya.recruitment@gmail.com

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७०/०४/२१ मा दर्ता भएको प्रा.लि.नं. ११४८२९ को **हिमालयन फाइबर्स एण्ड आउटडोर्स प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०५/२१ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ को उपदफा (१) बमोजिम दर्ता खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सहायक रजिष्ट्रार**

**HISAN INTERNATIONAL PVT. LTD.**
Maitidevi-29, Kathmandu. Tel: 015909028

**PRICE LIST** *(Effective from Date 2081/02/32)*

**HISTON (REFRIGERATOR)**

| S.N | SIZE | MODEL | MRP |
|---|---|---|---|
| 1 | 100 Ltr | HISTON 100HS | 18,699.28 |
| 2 | 170 Ltr | HISTON 170PW/PB | 22,210.34 |
| 3 | 170 Ltr | HISTON 170BFW/B | 23,126.27 |
| 4 | 195 Ltr | HISTON 195BFW/B | 25,568.74 |
| 5 | 215 Ltr | HISTON 215BFW/B | 27,438.73 |

*All prices are inclusive of VAT.

आमचोक गाँउपालिका
गाउँ कार्यपालिकाको कार्यालय
वालंखा, भोजपुर

**आर्थिक प्रस्ताव खोल्ने बारेको सूचना**

**(सूचना प्रकाशित मिति :- २०८१/०२/३२)**

प्रस्तुत विषयमा यस गाउँपालिकाबाट मिति: २०८१/०१/२८ गते राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार तपशिलमा उल्लेखित ठेक्का नं. र कार्य विवरणसंग सम्बन्धित निर्माण कार्यको लागि रीतपूर्वक e-GP System:-bolpatra.gov.np/egp बाट पेश हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्ताव खोलि बोलपत्र मुल्याङ्कन समितिले मुल्याङ्कन गर्दा निम्न बोलपत्रदाताहरु योग्यताका सम्पूर्ण आधारहरुमा सफल भई सारभुतरुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ (ङ) को उपनियम (५) बमोजिम निम्न सारभुतरुपमा प्रभावग्राही बोलपत्रदाताहरुको आर्थिक प्रस्ताव मिति २०८१/०३/०७ गते ११:०० बजे यस कार्यालयमा खोलिने भएकोले सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि.नं. | ठेक्का नं. | योजनाको नाम | बोलपत्र दाताको नाम र ठेगाना | कैफियत |
|---|---|---|---|---|
| 1. | ARM/NCB/WORKS/04/2080-081 | Construction Of Hattipaile Mandangma Khola Khanepani Yojana (Ek Ghar Ek Dhara-III Phase) | Aakash Nirman Sewa Melamchi-7, Sindhupalchok | |
| 2. | | | Imperial /Wind Horse J.V. Janakpur Sub Metropolitan City – 23, Dhanusha | |

**प्रमुख प्रशासकीय अधिकृत**

**कतारमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : AL AFFAN HOSPITALITY AND SERVICE
पूर्व स्वीकृति मिति २०८०/११/२२ | पुन विज्ञापन स्वीकृति मिति २०८१/०२/३१ | LT. No.301188 | चलानी नं: ६०२१६०१५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Accountant | 1 | 0 | 3600 | १३१,२२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Driver | 1 | 0 | 1700 | ६१,९६५ | | | | | | | |
| 3 | Foreman | 5 | 0 | 2500 | ९१,१२५ | | | | | | | |
| 4 | Labour | 1 | 0 | 1000 | ३६,४५० | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ७ गते (21st June 2024) मा हुनेछ ।**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

**Lucky Human Resource Pvt.Ltd.**
श्रम ईजाजत नं. १३०२/०७४/०७५
G.P.O Box : 815, Pingalasthan-08. Gaushala, Kathmandu, Nepal Tel :01 4589501, 014589401
E-mail: luckyhumanhr@gmail. Website : www.luckyhumanresource.com.np

**साउदीमा वैदेशिक रोजगारको अवसर**

कम्पनी : TRANSPORTATION SOLUTIONS COMPANY
पूर्व स्वीकृति मिति २०८१/०२/३० | LT No.306364 | चलानी नं. ६०२२११२९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 7 | 0 | 1800 | ६३,७९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ७ गते (21st June 2024) मा हुनेछ ।**

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

EXPRESS RECRUITER NEPAL
Govt. License No. 1613/079/080

**EXPRESS RECRUITER NEPAL PVT. LTD**
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897
E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com

# प्रभाव दैनिक

रूपशाला


## मदनको निर्देशनमा 'डाला डिन्छेन आमा'

'डन', 'दादागिरी', 'दोस्ती', 'मिस्टर डन' लगायत थुप्रै हिट फिल्म निर्देशक गरेका निर्देशक मदन घिमिरे पछिल्लो समय फिल्म भन्दा पनि म्युजिक भिडियो निर्देशकमा व्यस्त छन् । घिमिरेले तामाङ गीत 'डाला डिन्छेन आमा' बोलको भिडियो पनि निर्देशन गरेका छन् । चर्चित गायिका अन्जु पन्तको स्वर रहेको गीतको भिडियो उनले गुण्डु गाउँ वरिपरि छायांकन गरेका हुन् । शब्द तथा सङ्गीत थुप्तेन शैपा योन्जनको रहेको गीतको भिडियोमा संध्या तामाङ.,निर्मला तामाङ.,मेरिया मगर लगायतको अभिनय छ ।




शुक्रबार ३२, जेठ २०८१ (Friday, June 14, 2024)




# 'दान्भी'मा पूजाको एक्सन

**काठमाडौं (प्रस)–** अभिनेत्री पूजा शर्मा यही असार ७ गतेदेखि फिल्म 'दान्भी' लिएर दर्शकमाझ आउँदैछिन् । फिल्मी करियरमा पुजा पहिलोपटक एक्सन चरित्रमा देखिँदैछिन् । यो फिल्मका लागि उनले झण्डै एक महिना फाइटको प्रशिक्षण लिइन् । 'दान्भी मेरो लागि रिस्क फ्याक्टर नै हो । किनभने मैले यो जनरामा काम नै गरिनँ । सधैं प्रेमकथाको मात्र फिल्म गर्नुभन्दा एउटा फरक काम गरौं न भनेर मैले दान्भी गरेकी हुँ । यो फिल्म गर्दा मैले विशेषत एक्सन सिक्न पाएँ । ममा एक्सनको ज्ञान शुन्य नै थियो । तर दान्भीको कामले धेरै कुरा सिकायो', पुजा भन्छिन् ।

पुजाले एक्सन फिल्मबारे जे सोचेकी थिइन्, त्यो भन्दा धेरै गाह्रो अनुभव उनलाई 'दान्भी'मा भएको छ । उनको बुझाईमा अहिलेसम्म गाह्रो र मेहनत गरेको फिल्म उनका लागि 'दान्भी' नै हो । 'यो एक्सन फिल्म नै हो । फिल्म हेरेपछि दर्शकले ओहो भन्नुहुन्छ । हामीले अहिलेसम्म हेरिरहेका एक्सन भन्दा फरक एक्सन यो फिल्ममा हेर्न पाइनेछ । एक्सन भन्ने बित्तिकै उडिहाल्ने भन्ने हुन्छ । तर यसमा प्राक्टिकल एक्सन छ,' उनले भनिन् ।

पुजा अभिनेत्री रेखा थापाको एक्सनबाट प्रभावित छिन् । उनको बुझाईमा रेखापछि कोही अभिनेत्रीले एक्सनमा आफूलाई देखाएका छैनन् । 'केटी मान्छेले कस्तो एक्सन गर्दोरहेछ भनेर दर्शकलाई फ्रेसनेस हुन्छ । मैले आफ्नो फिल्म बनाउँदा त्यति धेरै प्रतिक्रिया आएको थिएन, जति दान्भीमा आएको छ । किनभने एउटा केटीले एक्सन गरिरहेको छ, त्यसले मान्छेलाई नोटिस गरेको रहेछ', पुजाको दाबी छ ।

पुजाका अनुसार उनलाई 'दान्भी'को एक्सन पाटोले मात्र फिल्ममा काम गर्न प्रेरित गरेको रहेछ । यो फिल्म लभस्टोरी फ्लेभरको भए म गर्दिन थिएँ । सुरुमा ठूला कलाकार ल्याएर गेष्ट अपेरियन्समा एक्सन गर्ने भन्ने थियो । तर म आफैंले गर्ने निर्णय लिएँ । किनभने दर्शकले विराज दाईदेखि अन्य अभिनेताको एक्सन हेरिसकेका छन् । त्यसकारण विराज दाई भन्दा पनि केटीले नै गरौं न भन्ने भयो र मैले गर्ने निर्णय लिएँ । निर्देशकले पनि केटीले नै एक्सन गर्नुपर्छ भन्ने भएपछि कुरा मिल्यो', पुजा भन्छिन् ।

उनले फिल्मका लागि द्वन्द्व निर्देशक श्री श्रेष्ठसँग एक महिना अभ्यास गरिन् । उनका अनुसार उनले फिल्मका लागि सुटिङ स्थलमा १५ दिनसम्म निरन्तर एक्सन गरिरहिन् ।

फिल्मको टिजर र ट्रेलर रिलिज भएपछि विशेषत उनको एक्सन अवतारको जति तारिफ भयो, आलोचना अथवा खिसिट्युरी पनि उत्तिकै भयो । आफ्नो कामले आलोचना पाउँदा उनी केही दुःखी पनि बनिन् । 'यो गन अनमोल केसी, पल शाह, प्रदीप खड्काले बोकेको भए त्यो कामको तारिफ हुन्थ्यो होला । नेपालमा यस्तो गर्यो भन्ने हुन्थ्यो । तर एउटा केटीले बोक्दा 'गन बोक्न पनि आएन', 'गन बोकेको एक्सप्रेसन भएन' भन्ने सुनें । मैले गन बोकेको छु, म गनसँग डराउने होइन नि त खासमा । मैले अरुलाई हानेको छु । म गनसँग इजी हुनु हो नि । तर मान्छेले बुझ्दा गन बोकेको छ एक्सप्रेसन छैन मात्र भने', पुजाको बुझाई छ ।

भविष्यमा पनि एक्सन फिल्ममा देखिने वा नदेखिने भन्ने कुरा 'दान्भी' रिलिज पछिको प्रतिक्रियाले टुंगो लगाउने पुजाको बुझाई छ । 'मलाई दर्शकले एक्सनमा रुचाए भने म अवश्य गर्छु । अहिले मलाई एक्सन मुभीकै अफरहरू आइरहेको छ । दान्भीको प्रतिक्रिया नआइकन म अरु एक्सन फिल्मको कुरै गर्दिनँ', उनी भन्छिन् ।



# 'बाटोः रोड टु डेथ'को प्रिमियर

■ प्रभाव संवाददाता

**काठमाडौं–** शुक्रबारबाट सार्वजनिक प्रदर्शनमा आउने फिल्म 'बाटोः रोड टु डेथ'को प्रिमियर गरिएको छ । बुधवार साँझ ललितपुरको पुलचोकस्थित लबिम मलको क्यूएफएक्स सिनेमाज्मा आयोजित प्रिमियरमा चलचित्रकर्मी, ब्यवसायी र रंगपत्रकारको बाक्लो उपस्थिती रहेको थियो । प्रिमिएरमा फिल्म हेर्न अधिकाम्सले 'बाटोः रोड टु डेथ' उत्कृष्ट बनेको प्रतिक्रिया दिए ।

फिल्म निर्देशक ज्ञानेन्द्र देउजाले 'बाटोः रोड टु डेथ' राम्रो बनेको प्रतिक्रिया दिए । फिल्मको छायाङ्कन र साउन्ड समेत उत्कृष्ट रहेको बताएका देउजाले फिल्म दर्शकका लागि नौलो स्वाद हुने बताए । त्यस्तै अभिनेता तथा निर्देशक दिनेश डिसीले फिल्म आफूलाई मन परेको प्रतिक्रिया दिए । उनले फिल्मको कथा, प्राविधिक पक्षको खुलेरै तारिफ गरे ।

कलाकार अभिनेता राजाराम पौडेले फिल्म आफूले सोचेभन्दा राम्रो पाएको बताए । उनले यस्ता फिल्मले नेपाली फिल्मको गुणस्तर वृद्धिमा जोड दिने बताए । अभिनेत्री उषा रजत, गजित बिष्ट, निर्देशक सुयोग गुरुङलगायतले थ्रिलर कथामा बनेका नेपालका फिल्म मध्य 'बाटोः रोड टु डेथ' उत्कृष्ट भएको प्रतिक्रिया दिए । प्राविधिक पक्ष समेत राम्रो रहेको फिल्म एकपटक सबैले हेर्नुपर्ने उनीहरूको धारणा रहेको थियो ।

प्रिमियर इभेन्टलाई राठी ग्रूपले एढेसिभ उत्पादन राठीकोलले बोन्डिङ पार्टनरको रूपमा प्रायोजन गरेको थियो । नेपाली, तमिल, तेलुगु र हिन्दी गरी ४ भाषामा बनेको 'बाटोः रोड टु डेथ'का लेखक, सम्पादक तथा निर्देशक मदन थापा हुन् । थापाले फिल्म दर्शकलाई मनपर्ने र आफूले पनि कामको प्रसंसा पाउने बताए । 'नेपाली फिल्मको स्ट्याण्डर्डलाई अन्तर्राष्ट्रिय स्तरको बनाउने मेरो चाहना छ । आजकल दर्शक फिल्ममेकर बन्दा निकै अगाडि हुनुहुन्छ, त्यसकारण पनि हामीले फिल्म राम्रो नै बनाउनु पर्छ' थापाले भने । अभिनेता सुलक्षण भारतीले यो फिल्मको निर्देशकले एउटा नयाँ संसार निर्माण गरेको बताए । उनले यस प्रकारको फिल्म नेपालमा यसअघि नबनेको दाबी गरे ।

अभिनेता उत्पल झाले लामो समयको प्रतीक्षापछि फिल्म रिलिज हुँदा खुसी व्यक्त गरे । अभिनेत्री रक्षा थापाले यो फिल्म एकदमै धेरै भावना जोडिएको बताइन् । उनले 'बाटो' हेर्दा फिल्म सकिएको थाहा नै नहुने बताइन् । अभिनेत्री मिथिला शर्माले यस फिल्ममा आफूलाई अभिनयको लागि लिएकोमा निर्माता र निर्देशकलाई धन्यवाद दिइन् ।

काठमाडौं फिल्मस्को ब्यानरमा बनेको फिल्मका निर्माता चन्दन झा हुन् । यसलाई दक्षिण भारतीय फिल्म उद्योगका छायाकार शरण ऋषिले छायाङ्कन गरेका हुन् । शङ्कर कार्की, प्रकाश हमाल र दिनेश प्रकाश महरा लाइन प्रोड्युसर रहेको फिल्मका कार्यकारी निर्माता रणधीर कुमार झा, अश्विनी घिमिरे, सदिक्षा महर्जन, नवीन अवाल, आकाङ्क्षा बस्नेत र विशाखा विक्रम थापा हुन् । त्यस्तै, सह निर्माताहरू विक्रम चौधरी, आशिम मैनाली, टोनी हरजानी, शालिनी पोद्दार, नम्रता जीआर राउत र स्मृति झा हुन् ।

फिल्ममा मिथिला शर्मा, सुलक्षण भारती, रक्षा थापा, उत्पल झा, पशुपति राई, किरण शाही, गणेश उपाध्याय, आभास अधिकारी, राजेन थापा, विजय आनन्द ताम्राकार, अशान्त शर्मा लगायत कलाकारको अभिनय छ । फिल्मलाई डिसिएनले वितरण गर्दै छ ।



# फर्कियो नेपाली फुटबल टोली



■ प्रभाव संवाददाता

**काठमाडौं–** फिफा विश्वकप २०२६ एसियाली छनोटको दोस्रो चरणको खेलको लागि साउदी अरब गएको नेपाली टोली आज(बिहीबार) स्वदेश फिर्ता भएको छ ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उत्रिएको टोलीका कप्तान एवम् गोलरक्षक किरणकुमार चेम्जोङले खेलमा आफ्नो टोलीले अधिकतम प्रयास गरेको प्रतिक्रिया दिए ।

उनले भने, 'नेपालको प्रतिनिधित्व गर्दै जर्सी लगाएर मैदानमा उत्रिन पाउनु नै हाम्रा लागि ठुलो उपलब्धि हो । हामीले हाम्रोतर्फबाट राम्रो प्रदर्शन गर्‍यौं । हाम्रो नयाँ टिम हो । म मेरो टिमप्रति गर्व गर्छु । हामी अझै धेरै अगाडि जानु छ । हाम्रो टिममा धेरै युवाहरू छन्, उनीहरूले देशको लागि अझै गर्नुछ ।'

नेपाली टोली जेठ २० गते आइतबार बेलुकी साउदीतर्फ गएका थिए । साउदीमा नेपालले फिफा विश्वकप २०२६ र एसियन कप छनोट अन्तर्गत दोस्रो चरणमा युएई र यमनविरुद्धको अन्तिम दुई खेल खेलेका थिए ।

अघिल्ला पाँच खेलमा जित र गोलविहीन खेलेको नेपालले हिजो अन्तिम खेलमा यमनसँग बराबरी खेलेको थियो । खेल साउदी अरबको दम्माम सहरस्थित प्रिन्स मोहमद विन फहद स्टेडियममा भएको थियो ।

# लुम्बिनी र बागमती चेस च्याम्पियन

■ प्रभाव संवाददाता

**कास्की–** प्रथम यु-१५ विद्यालय खेलकुदअन्तर्गत बुद्धिचालको खुलातर्फ टिम इभेन्टको छात्रमा लुम्बिनी तथा छात्रामा बागमती पहिलो भएका छन् । लुम्बिनी प्रदेशले सात चरणको खेलमा सत प्रतिशत जित सहित १४ अङ्क जोड्यो । बागमती ११ अङ्क सहित दोस्रो तथा सुदूरपश्चिम ९ अङ्क सहित तेस्रो भए । लुम्बिनीको टोलीमा किरण भण्डारी, टोपलाल अधिकारी, सुशान्त अर्याल र आरुष नाग थिए ।



छात्रा तर्फ बागमतीले सत प्रतिशत जितसहित पहिलो स्थान हात पार्‍यो । बागमतीको जीतमा रिया श्रेष्ठको प्रेरणादायी प्रदर्शन सफल भएको थियो । यसै महिना सम्पन्न नवौं राष्ट्रिय महिला च्याम्पियनसिपमा पाँचौं स्थान हात पारेकी रियाले यस प्रतियोगितामा सत प्रतिशत स्कोर गरेकी हुन् । लुम्बिनीले चौथो चरणमा बागमतीसँग १-३ ले पराजित हुनु बाहेक अन्य खेलमा हार सहन परेको थिएन ।

बागमतीको टोलीमा रियाको अलावा राष्ट्रिय च्याम्पियनसिपको अनुभव बटुली सकेकी श्रीसा दुवाल पनि समावेश थिइन् । अन्य खेलाडीमा एन्जल महर्जन र प्रकृति राई थिए । टोलीको प्रशिक्षण दुई पटकका राष्ट्रिय च्याम्पियन तथा फिडे ट्रेनर केशव श्रेष्ठले गरेका थिए ।

# एथलेटिक्समा गण्डकी टिम च्याम्पियन

■ प्रभाव संवाददाता

**पोखरा–** गण्डकी प्रदेश प्रथम यु-१५ विद्यालय खेलकुदको एथलेटिक्समा बिहीबार टिम च्याम्पियन बनेको छ । ४ स्वर्ण, ३ रजत र २ कांस्य जित्दै गण्डकी समग्रमा टिम च्याम्पियन बन्यो ।

राष्ट्रिय खेलकुद परिषद् (राखेप) र प्रदेश खेलकुद परिषद्, गण्डकीद्वारा संयुक्त आयोजित प्रतियोगितामा लुम्बिनी प्रदेश ३ स्वर्ण, २ रजत र ६ कांस्यसाथ लुम्बिनी प्रदेश दोश्रो भयो । तेश्रो स्थानको कर्णाली प्रदेशले ३ स्वर्ण, २ रजत र १ कांस्य हात पार्‍यो । सहभागी सातै प्रदेश स्वर्णविहीन हुनु परेन । १४ स्वर्णका लागि भएको प्रतिस्पर्धामा कोशी प्रदेश, सुदूरपश्चिम प्रदेश, मधेश प्रदेश र बागमती प्रदेशले समान १-१ स्वर्ण जिते ।



पोखरा रंगशालामा भएको छात्र ४ गुणा १ सय मिटर रिलेमा लुम्बिनी पहिलो, गण्डकी दोश्रो र सुदूरपश्चिम तेश्रो भए । सो स्पर्धाको छात्रामा गण्डकीले स्वर्ण, कोशीले रजत र कर्णालीले कांस्य जिते ।

सटपुटको छात्रमा कोशीका छिरिङ शेर्पा पहिलो भए । उनले १०.५७ मिटर टाढा फाले । गण्डकीका गणेश श्रेष्ठ दोश्रो तथा लुम्बिनीका पारसबहादुर शाही तेश्रो स्थानमा रहे । उक्त स्पर्धाको छात्रामा ८.३७ मिटर थ्रो गरेकी लुम्बिनीकी सम्झना थारु पहिलो भइन् । कर्णालीकी उर्मिला राजी दोश्रो तथा गण्डकीकी युना सारु मगर तेश्रो बने ।

छात्रको ८ सय मिटर दौडमा बागमतीका सुनिल विक पहिलो बने । उनले निर्धारित दूरी २ मिनेट ०९.६३ सेकेन्डमा पूरा गरे । कर्णालीका अनिल शाही दोश्रो तथा लुम्बिनीका विशाल थारु तेश्रो भए । सो स्पर्धाको छात्रामा कर्णालीकी पुर्णिमा बुढाले निर्धारित दूरी २ मिनेट ३६.२६ सेकेन्डमा तय गर्दै स्वर्ण चुमिन् । गण्डकीकी कञ्चन भण्डारी दोश्रो तथा मधेशकी आशा साह तेश्रो भए ।

छात्रको २ सय मिटर दौडमा गण्डकीका सुशान्त बोटेले स्वर्ण जिते । उनले निर्धारित दूरी २४.३३ सेकेन्डमा पूरा गरे । लुम्बिनीका अभय राना दोश्रो तथा बागमतीका अजित ठाकुर तेश्रो स्थानमा रहे । त्यसै स्पर्धाको छात्रामा गण्डकीकी अनुष्का अधिकारी पहिलो भइन् । अनुष्काले निर्धारित दूरी २७.६२ सेकेन्डमा पूरा गरिन् । सुदूरपश्चिमकी रितु जोशी दोश्रो तथा लुम्बिनीकी जमुना लोध तेश्रो भए ।

विजेतालाई प्रदेश खेलकुद परिषद्, गण्डकीका सदस्य-सचिव श्रीधर शर्मा, प्रदेश खेलकुद विकास परिषद्, बागमती प्रदेशका सदस्य-सचिव सूर्यलाल भण्डारी, राखेप कर्मचारी संघका महासचिव कुमार बस्नेतलगायतले एक कार्यक्रमबीच पुरस्कृत गरे ।

**एएफसी यु–१७ एसियन कप**

# नेपाल र जापान एउटै समूहमा

■ प्रभाव संवाददाता

**काठमाडौं–** एएफसी यु–१७ एसियन कप छनोटमा नेपाल कठिन समूहमा परेको छ ।

एसियाली फुटबल महासंघले बिहीबार सार्वजनिक गरेको ड्र अनुसार नेपाल एसियाको पावर हाउस जापान र कतारसँगै एकै समूहमा छ ।

नेपाल रहेको समूह एफमा जापान, कतार र मंगोलियासँग प्रतिस्पर्धा गर्नेछ । यस समूह चरणका सबै खेलहरू कतारमा हुनेछ । छनोटका खेलहरू आगामी अक्टोबर १९ देखि २७ सम्म हुनेछ ।

AFC U17 ASIAN CUP™

छनोटमा एसियाका ४३ टिमलाई १० समूहमा विभाजन गरिएको छ । तीन समूहमा ५/५ तथा ७ समूहमा ४-४ टिम समावेश छन् ।

त्यस्तै नेपाल एएफसी यु-२० एसियन कप २०२५ छनोटमा समूह बी मा परेको छ ।

एसियाली फुटबल महासंघ (एएफसी)ले बिहीबार सार्वजनिक गरेको ड्रअनुसार नेपाल समूहमा उज्बेकिस्तान, बहराइन, चाइनिज ताइपे र कम्बोडिया रहेको छ ।

यस समूहका खेल चाइनिज ताइपे गर्ने एएफसीले जनाएको छ । समूहका खेलहरू आगामी सेप्टेम्बर २१ देखि २९ सम्म हुनेछ ।



दक्षिण चीनको हेनान प्रान्तस्थित बुभिशान सहरको माओना गाउँमा परम्परागत बुनाई प्रविधि 'ती ब्रोकेड'को प्रदर्शन गर्दै लिउ सियाङलान । *तस्बिर: सिंह्न्वा*

# भारतीय प्रधानमन्त्री मोदी इटाली प्रस्थान

**नयाँदिल्ली–** भारतका प्रधानमन्त्री नरेन्द्र मोदी आफ्नो तेस्रो कार्यकालको कार्यभार सम्हालेपछि पहिलो विदेश भ्रमणको रूपमा समूह सात (जी-७) शिखर सम्मेलनमा भाग लिन बिहीबार इटाली प्रस्थान गरेका छन् । जुन १३-१४ सम्म अपुलिया क्षेत्रमा आयोजना हुने यस सम्मेलनमा आमन्त्रित राष्ट्रका रूपमा भारतलाई निमन्त्रणा गरिएको छ। सम्मेलनमा अमेरिका, बेलायत, क्यानडा, जर्मनी, इटाली, जापान र फ्रान्सका साथै युरोपेली संघका सदस्य राष्ट्रहरूले भाग लिने छन् ।

इटालीकी प्रधानमन्त्री जर्जिया मेलोनीले प्रधानमन्त्री मोदीलाई जी-७ शिखर सम्मेलनमा सहभागी हुन आमन्त्रित गरेकी थिइन् । यो सहभागिता जी-७ शिखर सम्मेलनमा भारतको ११औं र जी-७ शिखर सम्मेलनमा प्रधानमन्त्री मोदीको लगातार पाँचौं सहभागिता हुने छ। शिखर सम्मेलनमा प्रधानमन्त्री मोदीले जी-७ र आमन्त्रित राष्ट्रका साथै अन्तर्राष्ट्रिय संस्थाका नेतासँग द्विपक्षीय बैठक र छलफल गर्ने अपेक्षा गरिएको छ ।

भारतीय विदेशसचिव विनय क्वात्राका अनुसार प्रधानमन्त्री



मोदीले आफ्ना इटालियाली समकक्षी जर्जिया मेलोनीसँग पनि द्विपक्षीय बैठक गर्ने अपेक्षा गरिएको छ । एक विशेष कार्यक्रमलाई सम्बोधन गर्दै क्वात्राले लगातार तेस्रो कार्यकाल सम्हालेपछि प्रधानमन्त्री मोदीको यो पहिलो विदेश भ्रमण भएकाले महत्त्वपूर्ण रहेको बताए । 'यसले उहाँलाई भारत र ग्लोबल साउथका लागि महत्त्वपूर्ण मुद्दाहरूमा जी-७ शिखर सम्मेलनमा उपस्थित अन्य विश्व नेताहरूसँग सम्लग्न हुने अवसर पनि दिने छ। यो जी-७ शिखर सम्मेलनमा भारतको ११औं र प्रधानमन्त्री मोदीको लगातार पाँचौं सहभागिता हुने छ,' उनले भने ।

क्वात्राका अनुसार जी-७ शिखर सम्मेलनमा विशेषत: आर्टिफिसियल इन्टेलिजेन्स, ऊर्जा, अफ्रिका र भूमध्यसागरको अवस्थाबारे छलफल गरिने छ । 'जी-७शिखर सम्मेलनमा भारतको नियमित सहभागिताले शान्ति, सुरक्षा, विकास र वातावरण संरक्षणलगायत विश्वव्यापी चुनौतीहरूको समाधान गर्ने प्रयासमा गरेको निरन्तर प्रयासहरूको बढ्दो मान्यता र योगदानलाई कदर गरिने छ,' उनले थप बताए ।

जनवरी १ मा इटालीले सातौंपटक जी-७ को अध्यक्षता ग्रहण गरेको थियो । संयुक्त राज्य अमेरिका, क्यानडा, फ्रान्स, जर्मनी, इटाली, जापान र बेलायत जी-७ सदस्य राष्ट्र हुन् । सात सदस्य राष्ट्रका नेताहरू, साथै युरोपेली परिषद्का अध्यक्ष र युरोपेली संघको प्रतिनिधित्व गर्ने युरोपेली आयोगका अध्यक्षले जी-७ शिखर सम्मेलनमा भाग लिने छन्। भारत, टर्की र विश्व बैंक र अन्तर्राष्ट्रिय मुद्रा कोष (आइएमएफ) जस्ता अन्तर्राष्ट्रिय संस्थाहरूसहित धेरै राज्यहरूलाई पनि इटालीले जी-७ शिखर सम्मेलनमा आमन्त्रित गरेको छ। *रासस/एएनआई*

# कुवेतको आगलागीमा करिब ४० भारतीयको मृत्यु, ५० भन्दा बढी घाइते

**नयाँदिल्ली–** कुवेतको मंगाफ क्षेत्रमा रहेको श्रम आवास केन्द्रमा बुधबार आगलागी हुँदा करिब ४० जना भारतीयको मृत्यु हुनुका साथै ५० जनाभन्दा बढी घाइते भएको भारतीय विदेश मन्त्रालयले जनाएको छ । घाइते भएका व्यक्तिहरूलाई कुवेतका पाँचवटा सरकारी अस्पताल अदान, जाबेर, फरवानिया, मुबारक अल कबीर र जाहरा अस्पतालमा उपचारका लागि राखिएको छ। अस्पतालका अधिकारीहरूले अधिकांश घाइतेहरूको अवस्था सामान्य रहेको जनाएको छ ।

'दूतावासले सम्बन्धित कुवेती अधिकारी र कम्पनीबाट घटनाको पूर्ण विवरणहरू प्राप्त गरिरहेको छ। हामी शोकाकुल परिवारहरूप्रति गहिरो समवेदना प्रकट गर्दछौं,' विदेश मन्त्रालयले बुधबार राति जारी गरेको विज्ञप्तिमा भनिएको छ । 'दूतावासले यस दुर्भाग्यपूर्ण घटनामा घाइते भएका भारतीय नागरिकहरूलाई सबै सम्भव सहयोग प्रदान गर्न स्थानीय अधिकारीहरूसँग समन्वय जारी राखेको छ,' दूतावासले कुवेतका अधिकारीहरूबाट पूर्ण सहयोग प्राप्त गरिरहेको उल्लेख गर्दै विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ ।

प्रधानमन्त्री नरेन्द्र मोदीको निर्देशनमा, राज्यमन्त्री कीर्तिवर्धन सिंह कुवेत गएको पनि मन्त्रालयले जनाएको छ । 'उहाँले तुरुन्तै शव फिर्ता र घाइतेहरूलाई चिकित्सा सहायताको लागि काम गरिरहनुभएको छ,' विज्ञप्तिमा भनिएको छ ।

यसैबीच, कुवेतमा रहेको भारतीय दूतावासले घटनामा प्रभावितहरूलाई राहत प्रदान गर्न स्थानीय अधिकारीहरूसँग सम्पर्कमा रहेको जनाएको छ । दूतावासले पीडित परिवारका सदस्यहरूलाई सम्पर्क गर्न हेल्पलाइन (व्हाट्सएप र नियमित कल) स्थापना गरेको छ । हेल्पलाइनमार्फत नियमित अपडेट प्रदान गरिँदै छ।

यसअघि कुवेतमा आगलागीको खबर आएपछि प्रधानमन्त्री मोदीले समीक्षा बैठकको अध्यक्षता गर्दै मृतक भारतीय नागरिकका परिवारलाई प्रधानमन्त्री राहत कोषबाट दुई लाख रूपैयाँ सहयोग गर्ने घोषणा गरेका थिए। प्रधानमन्त्री मोदीले यस दुर्भाग्यपूर्ण घटनामा गहिरो दुःख व्यक्त गर्दै मृतकको परिवारप्रति समवेदना प्रकट गरेका छन् । उनले घाइतेहरूको शीघ्र स्वास्थ्यलाभको कामना गर्दै भारत सरकारबाट सबै सम्भव सहयोगको आश्वासन दिएका छन् । *रासस/एएनआई*

# विश्वभरि विस्थापितको संख्या १२ करोड : राष्ट्रसंघ

**जेनेभा–** संयुक्त राष्ट्रसंघले युद्ध, हिंसा र उत्पीडनका कारण १२ करोड मानिस जबर्जस्ती विस्थापित भएर बाँचिरहेका जनाएको छ। संयुक्त राष्ट्रसंघको शरणार्थी निकाय (युएनएचसिआर)ले विश्वव्यापी रूपमा जबर्जस्ती विस्थापनले फेरि एकपटक रेकर्ड तोडेको र गाजा, सुडान र म्यान्माजस्ता स्थानमा जारी द्वन्द्वका कारण अझ धेरै मानिस आफ्नो घर छोड्न बाध्य भएको जनाएको छ ।

विश्वव्यापी रूपमा विस्थापित जनसंख्या अहिले जापानको कूल जनसंख्या बराबर रहेको विज्ञप्तिमा उल्लेख गरिएको छ। द्वन्द्व र विस्थापितको भयावह स्थितिबारे संयुक्त राष्ट्रसंघका शरणार्थी प्रमुख फिलिप्पो ग्रान्डीले भने, 'द्वन्द्व सामूहिक विस्थापनको एउटा ठूलो कारक बनेको छ।'

युएनएचसिआरले गत वर्षको अन्त्यसम्ममा ११ करोड ७३ लाख मानिस विस्थापित भएको जनाएको छ। अप्रिलको अन्त्यसम्ममा विश्वभर अनुमानित १२ करोड व्यक्ति विस्थापनमा बाँचिरहेका थिए । युएनएचसिआरका अनुसार यो संख्या लगातार १२ वर्षदेखि बढ्दै गएको छ र एक वर्ष पहिले ११ करोड रहेको र सन् २०१२ को तुलनामा लगभग तीन गुणा बढी हो ।

ग्रान्डीले एएफपीसँग कुरा गर्दै आठ वर्षअघि आफूले कार्यभार सम्हाल्दा विस्थापनको उच्च आँकडा देखेर आफू स्तब्ध भएको तर त्यसयता यो 'दोब्बरभन्दा बढी' भएको बताउँदै यसलाई 'विश्वको अवस्थामाथिको भयानक समस्या' भनेका छन्। *रासस/एएफपी*


## सबैला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
सबैला, धनुषा
मधेश प्रदेश, नेपाल

### सिलबन्दी दरभाउ स्वीकृतको आशयपत्र सम्बन्धी सूचना

प्रकाशित मितिः२०८१/०२/३२

यस कार्यालयबाट प्रभाव राष्ट्रिय दैनिक पत्रिकामा मिति २०८१/०२/०५ गते प्रकाशित सिलबन्दी दरभाउ आह्वान सम्बन्धी सूचना अनुसार रितपूर्वक दर्ता भई मूल्याङ्कन समितिबाट देहायका ठेक्कामा देहाय अनुसारको सिलबन्दी दरभाउपत्रदाताको दरभाउ सबै भन्दा घटी भएको र सारभूत रुपमा प्रभावकारी भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८४ उप नियम १० बमोजिम प्रयोजनार्थ सम्बन्धित सबैको जानकारी लागि यो सूचना प्रकाशित गरिएको छ ।

| क्र. सं. | ठेक्का नं. | कार्यको नाम | दरभाउपत्रदाताको नाम | कबोल अंक (VAT र PS बाहेक) |
|---|---|---|---|---|
| १. | SM/SQ/WORKS/ 2080-81/04 | अमरखान्नामा राम सागर राय घर देखि गंगा राय घर सम्म सडक पि.सि.सि. ढलान, सबैला नं.पा. -१० | श्री देवा कन्स्ट्रक्सन, सबैला न.पा.-७, धनुषा | १२,३०,०१८.५५ |

प्रमुख प्रशासकीय अधिकृत



## साउदीमा वैदेशिक रोजगारको अवसर

कम्पनी : ASAS PAN GULF REAL ESTATE INVESTMENT COMPANY

पूर्व स्वीकृति मिति २०८१/०२/३० | LT. No. 306335 | चलानी नं. ६०२२१०९३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Office and Facility Cleaning Worker | 3 | 0 | 1000 | ३५,४४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ७ गते (21st June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः १०,०००

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम ईजाजत नं. ३३६/०५९/०६०

AL-HAYAT MANAGEMENT SYSTEM PVT. LTD. (Kumari Overseas Services Pvt. Ltd.)

Sinamangal - 9, Ktm, Nepal, Tel : +977 1 4112588 , 4111286, 4111287 Fax : +977 1 4112590



## कुवेत/युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : UNITED ALSHARAF CATERING COMPANY

पुर्व स्वीकृति मिति २०८१/०२/३० | LT. No. 306409 | चलानी नं. ६०२२१११९

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Sales Associate | 8 | 4 | 160 | ६९,४२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

कम्पनी : NAJUM AL BAHAR HOSPITALITY SERVICES EST.

पूर्व स्वीकृति मिति २०८१/०२/३० | LT No : 306404 | चलानी नं ६०२२१११८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cleaner | 10 | 10 | 1000 | ३६,१९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Marketing Manager | 2 | 0 | 2000 | ७२,३९० | | | | | | | |
| 3 | Sales Officer | 2 | 3 | 1500 | ५४,२९५ | | | | | | | |
| 4 | Waiter | 15 | 10 | 1000 | ३६,१९५ | | | | | | | |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ७ गते (21st June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. ८३४/०६६/०६७

CHANDANI MANAGEMENT SERVICES PVT. LTD.

Basundhara-3, Kathmandu , Tel: +977-1- 4955422, 4960522

E-mail: info.cmservices2009@gmail.com, Website : www.chandanimanpower.com

## ओमनमा वैदेशिक रोजगारको अवसर

कम्पनी : AL MAYSAM AL ASRIYA

पूर्व स्वीकृति मिति २०८१/०२/२५ | LT. No. 306009 | चलानी नं.६०२२०७४८

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव OR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Body Maseur | 0 | 1 | 170 | ५८,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ७ गते (21st June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः निःशुल्क


वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।


श्रम ईजाजत नं. 1514/074/075

BON MANPOWER PVT.LTD.

Sinamangal 9, Kathmandu, Nepal, Tel: +977-1-4479751, 4479851, Mobile Number- 9841144866, 9867438859, Email: bonmanpower1@gmail.com

## जापानमा वैदेशिक रोजगारको अवसर

कम्पनी : COOPERATIVE MIRAI

पूर्व स्वीकृति मितिः २०८१/०२/३० | LT. No. 306289 | चलानी नं. ६०२२११३४

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plaster Man | 1 | 0 | 1,85,000 | १,५७,२८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

कम्पनी : COOPERATIVE MIRAI

पूर्व स्वीकृति मितिः २०८१/०२/३० | LT. No. 306288 | चलानी नं. ६०२२११३३

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव Yen | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Plaster Man | 1 | 0 | 1,71,250 | १,४५,५९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | ३ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असार ७ गते (21st June 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिन | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः रु. १,५००/- कामदार आफैंले | सेवा शुल्कः ५०,०००

■ **प्रशिक्षार्थीको आवश्यक न्यूनतम योग्यता र काम गरेको अनुभवः**

(क) नेपाली नागरिक हुनुपर्ने । (ख) प्रशिक्षार्थीको उमेर १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (घ) कृषि सम्बन्धि कामको निमित्त सम्बन्धित उद्यम/उद्योग वा सम्बन्धित विषयको सहकारी वा सामुदायिक संस्थामा कम्तीमा २ वर्ष काम गरेको अनुभव हुनुपर्ने । (ङ) प्रशिक्षार्थीले जापानमा प्रशिक्षार्थी कामदारको रुपमा खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्ने । (च) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिएको हुनुपर्ने ।

■ **दरखास्त साथ पेश गर्नुपर्ने आवश्यक कागजातहरूः**

(क) नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ख) राहदानी प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (ग) प्रशिक्षार्थी नेपाल सरकारको उद्योग मन्त्रालय अन्तर्गतका निकायहरूमा तीन वर्ष पूर्व दर्ता भई सञ्चालन भई रहेका औद्योगिक प्रतिष्ठान, उद्योग व्यवसाय, कलकारखाना, कृषि सहकारी, सामुदायिक संघ संस्था, होटल, पर्यटन व्यवसाय अर्थात सेवा तथा वस्तु उत्पादन व्यवसाय जस्ता क्षेत्रमा कम्तीमा २ वर्ष काम गरेको अनुभव सम्बन्धि प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (घ) कामदार जापानमा प्रशिक्षार्थी कामदारको रूपमा जान खोजेको विषयमा नै नेपालको उद्योग, प्रतिष्ठान, संस्था वा निकायहरूमा काम गरिरहेको हुनुपर्नेछ । (ङ) जापानी भाषा तथा संस्कृतिका सम्बन्धमा तालिम लिई उत्तीर्ण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि । (च) अभिमुखिकरण तालिम लिएको सक्कल प्रमाणपत्र । (छ) नेपालमा आफू कार्यरत रहेको सम्बन्धित उद्योग, प्रतिष्ठान, निकाय वा संस्थाको सिफारिस र नेपाल फर्कि आएपछि पुनः काममा लगाउनेछु भनी सम्बन्धित संस्थाले गरेको प्रतिवद्धता पत्र । (ज) प्रशिक्षार्थी कामदारको रूपमा तालिम लिई नेपाल फर्किएपछि सम्बन्धित उद्योगमा नै काम गर्ने भनि आफू कार्यरत संस्था वा निकाय समक्ष गरेको प्रतिवद्धता सम्बन्धि कागजातको प्रतिलिपि ।

१. दरखास्त बुझाउनु पर्ने स्थान र अन्तिम मितिः स्थानः प्रा.लि.को कार्यालय, मितिः यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र ।
२. प्रशिक्षार्थीले तिर्नुपर्ने (सेवा शुल्क, यातायात, भिषा तथा प्रवर्द्धन खर्च समेतको) कूल खर्चः जम्मा रू. ३०,०००/- (तिस हजार) मात्र ।
३. प्रशिक्षार्थी छनौट गर्ने तरिका, मिति र स्थानः छनौट तरिकाः अन्तर्वार्ता, स्थानः प्रा.लि.को कार्यालय र अन्तर्वार्ता मितिः पछि प्रकाशित गरिनेछ ।

**नोट**ः वैदेशिक रोजगार ऐन, २०६४ को दफा ९ बमोजिम महिला, दलित, आदिवासी जनजाति, उत्पीडित वर्ग, पिछडिएको क्षेत्र तथा वर्ग एवं दुर्गम क्षेत्र तथा दैवीप्रकोप पीडित व्यक्तिलाई नेपाल सरकारले तोके बमोजिमको संख्यामा आरक्षण प्रदान गरिने छ ।

■ **नेपाल सरकार श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः**

१) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरू साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापनमा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोस । ४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्स तालिम अनिवार्य लिनुहोस । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जांदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्याथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग बुद्धनगरमा सम्पर्क राख्नुहोला ।

द्रष्टव्यः यस विषयमा थप केही कुरा बुझ्न परेमा यस प्रा.लि.मा सम्पर्क गर्न सक्नुहुनेछ ।

CHANDANI RECRUITMENT SERVICE CENTER PVT LTD

Bansidhara Marga, Chandol-4,Kathmandu,Nepal, Tel: +977-5914697, 5914698

1610/079/80 Email : chandanirecruitment@gmail.com, Web: chandanirecruitment.com.np



## वर्गीकृत विज्ञापन सङ्कलन काउन्टर

पशुपति विज्ञापन सेवा- सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५। स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५। लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल)- फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट। Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेसनरी- नयाँबसपार्क फोन नं. ९८१३९६०७४६। सारीका स्टेसनरी पसल- फोन नं. ९८५११२९६८६। ज्ञान्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६०। विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२। निशा बुक्स एण्ड स्टेसनरी- लगनखेल, ५५३१९५७, ९८४१६२७४८९। वीडलिंक मिडिया प्रा.लि.- पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४। हिमचुली स्टेसनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३। मलः स्टेसनरी- गठ्ठाघर ठिमी, फोन नं. ६६३०७५७। B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्युनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२। दाजुभाइ स्टेसनरी- पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेसनरी च्यासल गेट-९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफ्याक्स मिडिया एण्ड कम्युनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेसनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४।

काठमाडौं जि.प्र.का.द.नं.४८०-०७०/७१, म.क्षे.हु.नि.द.नं. ९/०७३/७४

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १४१६०० | प्रति तोला - १४०९०० | प्रति तोला - १८१० |



**खडेरीले सुक्यो बारी** | घोराही उपमहानगरपालिका -११ हापुरका किसानले खेती गरेको मकै पानी नपर्दा खडेरीले बारीमा सुक्न थालेको छन् ।

*तस्बिर : रञ्जिता अधिकारी /रासस*

# रुग्ण उद्योग पुनः सञ्चालनका लागि अध्ययन गर्न निर्देशन

■ प्रभाव संवाददाता

**काठमाडौं–** प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले विगतमा सरकारी स्वामित्वमा रहेका रुग्ण उद्योग पुनः सञ्चालनको सम्भाव्यताबारे व्यवस्थित अध्ययन गर्नुपर्ने बताएका छन् ।

बिहीबार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय सिंहदरवारमा भएको छलफलमा प्रधानमन्त्री 'प्रचण्ड'ले यस्तो बताएका हुन् । छलफलमा प्रधानमन्त्री 'प्रचण्ड'ले विगतमा उदारीकरणका नाममा राष्ट्रिय उद्योगहरू धरासायी भएको बताउँदै ती उद्योगहरू पुनः सञ्चालन गर्न सकिने सम्भाव्यताका लागि व्यवस्थित अध्ययन जरुरी भएकोमा जोड दिए ।

'विगतमा राष्ट्रिय उद्योग चलाउनुपर्छ भन्ने अभिमत छ । ती उद्योगमध्ये केही उद्योगहरू पुनः सञ्चालन गर्न सकिने सम्भावना पनि छ । हामीले नीति तथा कार्यक्रम र बजेटमा पनि त्यो कुरा राखेका छौँ । त्यसैले कुन-कुन उद्योगहरू पुनः सञ्चालन गर्न सकिन्छ, त्यसको व्यवस्थित अध्ययन गरौँ। अध्ययनको निष्कर्षका आधारमा अगाडि बढौँ,' प्रधानमन्त्री 'प्रचण्ड'ले भने ।



प्रधानमन्त्री 'प्रचण्ड'ले सार्वजनिक निजी साझेदारीको मोडेलमा उद्योगहरू पुनः सञ्चालन गर्ने नीतिमा राज्यका सबै निकायहरू प्रष्ट हुनुपर्ने बताए । 'विगतको जस्तै ढाँचा र ढर्रामा उद्योगहरूको पुनः सञ्चालन हुन सक्दैनन्, सार्वजनिक निजी साझेदारीको मोडेल नै ती उद्योगहरू सञ्चालन गर्ने मोडेल हो, बुटवल धागो कारखाना, गोरखकाली रबर उद्योग लगायतका उद्योगहरूको सम्भाव्यता बलियो छ । त्यसैले व्यवस्थित अध्ययन गरी जमिनको स्वामित्व सरकारसँग रहने गरी साझेदारीको मोडेल तयार गरौँ,' उनले भने । छलफलमा अर्थमन्त्री वर्षमान पुन, उद्योगमन्त्री दामोदर भण्डारी, मुख्य सचिव डा. बैकुण्ठ अर्याल, अर्थ सचिव मधुकुमार मरासिनी, उद्योग सचिव कृष्ण राउत लगायत उपस्थित थिए ।

# बन्दीपुर केवलकार सञ्चालन

■ प्रभाव संवाददाता

**डुम्रे (तनहुँ)–** पर्यटकीय नगरी बन्दीपुर घुम्न आउने पर्यटक अब केवलकारबाट सहज र छिटो पुग्न सक्ने भएका छन् । परीक्षणका रूपमा मात्रै सञ्चालित बन्दीपुर केवलकार बिहीबारदेखि व्यावसायिक रूपमा सञ्चालनमा आएको हो ।

व्यावसायिक रूपमा सञ्चालनमा आएपछि यहाँ आउने पर्यटकले केवलकारमार्फत सहज रूपमा यात्रा गर्ने भएका हुन् । अन्तराष्ट्रिय प्रविधि तथा सुरक्षा गुणस्तर परीक्षण प्रमाणपत्र (टियुभी सर्टिफिकेट) प्राप्त गरेपछि व्यावसायिक रूपमा आजदेखि सञ्चालनमा ल्याइएको कार्यकारी अधिकृत किरण पोखेलले बताए ।

पोखेलले भने, 'वैशाख १ गते शुभ मुहूर्त तथा वास्तुपूजा गरी आंशिक रूपमा सञ्चालनमा ल्याएका थियौँ । आजदेखि व्यावसायिक रूपमा सञ्चालन गर्न लागेका हौँ ।'

टियुभी नर्ड जर्मनीअन्तर्गतको कम्पनी टियुभी नर्ड इन्डियाले परियोजनाको सुपरिवेक्षण गरी सर्टिफिकेट प्रदान गरेको कम्पनीले जनाएको छ । कम्पनीका अनुसार करिब एक वर्ष अघिदेखि नै केवलकारको सम्पूर्ण मेकानिकल सामग्रीको जडान गरी लोड परीक्षण भइरहेको थियो ।

तीन चरणमा परीक्षणकाल सकिएपछि कम्पनीलाई व्यावसायिक 'अप्रेसन टियुभी' प्रमाणपत्र प्राप्त भएको अध्यक्ष रामचन्द्र शर्माले जानकारी दिए । 'कम्पनीले सुरक्षा र गुणस्तरलाई पहिलो प्राथमिकता दिएकाले सम्पूर्ण तयारी भएपछि मात्रै केवलकार सञ्चालनका लागि खुल्ला गरिएको हो', उनले भने ।

'केवलकारबाट ९० डिग्रीको ठाडो चट्टान आरोहण गरेझैँ साहसिक अनुभूति लिन सकिने छ । यसले पर्यटकलाई आकर्षित गर्न सकिने विश्वास लिएका छौँ', अध्यक्ष शर्माले भने । बन्दीपुर गाउँपालिका-४ को डुम्रेबजार नजिकै केबलकारचोकबाट मन्दिरसम्म एक हजार सात सय मिटर दूरी ७ मिनेटमा पार गर्न सकिने कम्पनीले जनाएको छ ।

कम्पनीका अनुसार केबलकारको ३१ डिब्बामध्ये २१ वटाले यात्रु बोक्नेछन् भने अन्यले सामग्री ढुवानी गर्नेछन् । प्रति घण्टा पाँच यात्रु बोक्न सक्ने क्षमता रहेको यस केवलकार विभिन्न सिफ्ट गरेर दैनिक बिहान ६ बजेदेखि राति ११ बजेसम्म सञ्चालन हुनेछ ।

# श्री डिस्टिलरीको आईपीओ आउँदै

**काठमाडौं (प्रस)–** श्री डिस्टिलरी लिमिटेडले प्राथमिक सेयर निष्कासन (आईपीओ) का लागि बिक्री प्रबन्धकमा प्रभु क्यापिटल लिमिटेडलाई नियुक्त गरेको छ ।

श्री डिस्टिलरीको ९ लाख ६० हजार कित्ता शेयरको बिक्री प्रबन्धकमा बिहीबार प्रभु क्यापिटल लिमिटेडलाई नियुक्त गरिएको हो । कम्पनीको कुल ६० लाख कित्ता सेयर संरचनामा १६ प्रतिशत आइपीओका लागि छुट्टाएको छ ।




सम्झौतामा श्री डिस्टिलरीका सञ्चालक सनत न्यौपाने र प्रभु क्यापिटलका प्रमुख कार्यकारी अधिकृत आशिष गौचनले हस्ताक्षर गरे ।

हस्ताक्षरपछि श्री डिस्टिलरीका संचालक सनत न्यौपानेले लामो समयदेखि मदिरा उद्योगमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको कम्पनीले अब जनतालाई पनि साझेदारी बनाएर अघि बढ्न लागेको बताए ।

सम्झौतासँगै कम्पनीले आइपीओ निष्कासनका लागि नेपाल धितोपत्र बोर्ड समक्ष निवेदन पेस गर्ने बताइएको छ । प्रक्रिया पूरा गरी चाँडै नै कम्पनीले आईपीओ जारी गर्ने बताएको छ ।

# जलविद्युत् र सौर्य ऊर्जाको एकीकृत विकासमा जोड

**काठमाडौं–** जलवायु परिवर्तनका कारण नदीको बहावमा घटबढ भई सुक्खा मौसममा पानीको अभाव हुन थालेको जलविद्युत्मा भएको पूर्ण निर्भरतालाई कम गरी नवीकरणीय ऊर्जाका स्रोतहरू जस्तै सोलार पिभीमा आधारित विद्युत् उत्पादनलाई जोड दिनुपर्ने एक अध्ययनले देखाएको छ ।

वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्र र जर्मन सहयोग नियोग जिआइजेडद्वारा सञ्चालित आर्थिक विकासको लागि सौर्य प्रविधि प्रवर्द्धन कार्यक्रमको सहयोगमा 'नेपालको ऊर्जा सम्मिश्रणमा सुरक्षा, सुलभता एवं दिगोपनाको लागि जलविद्युत् र सौर्य ऊर्जाको एकीकृत विकास' विषयमा गरिएको अध्ययन प्रतिवेदनमा नेपालमा जलविद्युत् तथा सौर्य ऊर्जालगायत नवीकरणीय ऊर्जाको प्रशस्त सम्भावना रहेकाले यसलाई समपूरक रूपमा विकास गर्नुपर्नेमा जोड दिइएको छ ।

अध्ययन प्रतिवेदनको अन्तिम निष्कर्षहरूलाई सम्बन्धित सम्पूर्ण सरोकारवालाहरूसमक्ष प्रस्तुत गर्ने उद्देश्यले यहाँ आयोजित कार्यक्रममा ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव सुशीलचन्द्र तिवारीले अध्ययन प्रतिवेदनले नेपाललको ऊर्जा क्षेत्रको समग्र विश्लेषण गरी आगामी दिनमा ऊर्जा सुरक्षा र निर्यातका लागि जलविद्युत्सँगै सौर्य ऊर्जालगायत नवीकरणीय ऊर्जाको विकास र विस्तारमा जोड दिइने बताए ।

कार्यक्रममा केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले जलविद्युत्मा निर्भर विद्युत् प्रणालीले सुक्खा याममा आवश्यक आपूर्ति गर्न नसक्ने हुँदा सौर्य ऊर्जालाई पनि सँगसँगै विकास गर्नुपर्नेमा जोड दिँदै पछिल्लो समय सोलार प्यानलको मूल्यमा भएको गिरावटका कारण यसको लागत कम हुँदा दिगो, स्वच्छ र दिगो ऊर्जा क्षेत्रको विकास गर्न नीतिगत र लगानीको वातावरण निर्माण गर्नु पर्दछ भने ।

नेपालले पेरिस सम्झौतामा प्रतिबद्धता जनाएबमोजिम सन् २०४५ सम्ममा खुद शून्य उत्सर्जनको लक्ष्य हासिल गर्नका लागि जलविद्युत्बाहेकका नवीकरणीय ऊर्जाको विकास गर्नुपर्नेछ भने सन् २०३० सम्ममा २० प्रतिशत ऊर्जाको खपत नवीकरणीय स्रोतबाट गर्ने आवधिक योजनामा उल्लेख छ । नेपालले दोस्रो राष्ट्रिय निर्धारित योगदान (२०२०) को प्रतिवेदनले २०३० सम्ममा पाँच हजार मेगावाट क्षमता बराबर नवीकरणीय ऊर्जाबाट विद्युत उत्पादन गर्ने लक्ष्य तय गरेको छ । कोप-२८ मा गरिएको सङ्कल्प प्रस्तावमा समेत नेपालले पेट्रोलियम पदार्थको प्रयोगमा न्यूनीकरण गर्ने तथा नवीकरणीय ऊर्जाको लगानीलाई वृद्धि गर्ने भन्ने प्रतिबद्धता जनाएको सन्दर्भमा जलविद्युत् तथा सौर्य ऊर्जाको सम्मिश्रणमा जोड दिनु आवश्यक भएको कार्यकारी निर्देशक ढकाल बताउँछन् ।

सौर्य ऊर्जा र जलविद्युत्लाई एकीकृत रूपमा विकास गर्ने हो भने दिउँसोको समयमा सौर्य विद्युत्लाई उपभोग गर्ने तथा पानीलाई जलाशयमा सञ्चित गरी विद्युत् माग उच्च भएको समयमा सञ्चित पानीको प्रयोग गरी थप विद्युत् आपूर्ति गर्न सकिने छ । यदि सोलार पिभीको विकासलाई विस्तार गर्ने हो भने जलविद्युत्को जलाशयमा थप पानी सञ्चित गर्न सकिने र सुक्खा मौसममा आवश्यकतानुसार दैनिक विद्युत्को मागबमोजिम आपूर्ति व्यवस्थापन गर्न सकिने हुँदा भारतबाट महँगो शुल्कमा हुने विद्युत्को आयातमा न्यूनीकरण गर्न मद्दत पुग्ने अध्ययनको निष्कर्ष छ ।

वर्षायामको समयमा पर्याप्त विद्युत् उत्पादन हुने तर सुक्खा मौसममा विद्युत् उत्पादन घट्न गई पर्याप्त विद्युत्को अभाव हुने हुँदा यस्तो मौसमी उतारचढावलाई न्यूनीकरण गर्न र कुल उर्जाको लागतहरूलाई कम गर्नका लागि सौर्य विद्युत् भरपर्दो विकल्प हुनसक्ने बताइएको छ । कुल जडित क्षमताको करिब ९५ प्रतिशत विद्युत् जलविद्युत्बाट उत्पादन भएको छ । सुक्खायाममा सौर्य ऊर्जाको उत्पादन बढी हुने गर्दछ भने जलविद्युत्को उत्पादन कम हुने हुँदा सौर्य ऊर्जा र जलविद्युत्लाई एकीकृत रूपमा विकास गर्ने हो भने दिउँसोको समयमा सौर्य विद्युत्लाई उपभोग गर्ने र पानीलाई जलाशयमा सञ्चित गर्न सकिने प्रतिवेदनमा उल्लेख छ ।

नेपालले सौर्य ऊर्जाबाट विद्युत् उत्पादनको क्षमता वृद्धि गर्न सकेको खण्डमा व्यापार असन्तुलनलाई घटाउन सकिनेछ । नेपालले अहिले पनि अधिकतम विद्युत् महँगोमा खरिद गर्ने (औसत मूल्य प्रतियुनिट रु १०.४८ देखि रु ३२ सम्म) र सस्तोमा बिक्री गर्ने (औसत मूल्य प्रतियुनिट रु ७.०२) अवस्था रहँदै आएको छ । सुक्खायाममा सहज विद्युत् आपूर्तिका लागि भारतसँग निर्भर हुनुपर्ने बाध्यताको अन्त्यका लागि ऊर्जा सम्मिश्रणमा जानुको विकल्प नरहेको अध्ययन टोलीका प्रमुख डा शालिग्राम पोखरेल बताउँछन् । सौर्य ऊर्जा आयोजनाहरूलाई जलाशययुक्त जलविद्युत् आयोजनाहरूसँग संयुक्त रूपमा विकास गर्नसकेको खण्डमा सुक्खायाममा भारतबाट हुने विद्युत् आयातलाई तत्काल घटाउन सकिने उनको भनाइ छ ।

उक्त अवसरमा केन्द्रका कार्यकारी निर्देशक नवराज ढकालले जलविद्युत्मा निर्भर विद्युत् प्रणालीले सुक्खायाममा आवश्यक आपूर्ति गर्न नसक्ने हुँदा सौर्य ऊर्जालाई पनि सँगसँगै विकास गर्नुपर्नेमा जोड दिँदै पछिल्लो समय सोलार प्यानलको मूल्यमा भएको गिरावटका कारण यसको लागत कम हुँदा दिगो, स्वच्छ र दिगो ऊर्जा क्षेत्रको विकास गर्न नीतिगत र लगानीको वातावरण निर्माण गर्नु पर्दछ भन्नुभयो । सौर्य ऊर्जाको उचित ढङ्गले सदुपयोग गरी यसबाट पर्याप्त लाभ हासिल गर्न प्रभावकारी नीति तर्जुमा गरी र सोको कार्यान्वयनलाई निरन्तरता दिन सकिएमा सौर्य प्रविधिमा लगानी गर्ने वातावरण बनाउने र हालको चुनौतीहरूलाई सम्बोधन गर्न सकिने उनको सुझाव छ । *रासस*

# अन्तर्राष्ट्रिय पर्यटन मेलाको तयारी पूरा



■ प्रभाव संवाददाता

**काठमाडौं–** काठमाडौँको भृकुटीमण्डमा शुक्रबारदेखि सुरु हुन लागेको अन्तर्राष्ट्रिय पर्यटन मेलाको सम्पूर्ण तयारी पूरा भएको छ ।

मेलाको आयोजक समिट इभेन्ट्स मार्केट्सले बिहीबार पत्रकार सम्मेलन गरी नेपालको समग्र पर्यटन क्षेत्रको विकासका लागि निजी क्षेत्रबाट पहिलोपटक आयोजना गरिएको अन्तर्राष्ट्रिय पर्यटन मेलाको सम्पूर्ण तयारी पूरा भएको जानकारी दिएको हो । पत्रकार सम्मेलनमा बोल्दै समिट इभेन्ट्स मार्केट्सका प्रबन्ध निर्देशक एवं मेलाका संयोजक विष्णु पाण्डेले नेपालको पर्यटन क्षेत्रलाई अन्तर्राष्ट्रियस्तरसम्म जोड्न मेलाको आयोजना गरिएको जानकारी दिए ।

नेपाल पर्यटन बोर्ड र काठमाडौँ महानगरपालिकाको मुख्य सहयोग रहेको उक्त मेलामा एक हजारभन्दा बढी अवलोकन कर्ताको सहभागिता रहने संयोजक पाण्डेले बताए । मेलामा विभिन्न समूहगत छलफल हुनेछन् । 'मेलाले देशको आर्थिक, सांस्कृतिक, सामाजिक र अन्तर्राष्ट्रिय सम्बन्धलाई प्रगाढ बनाउने विश्वास हामीले लिएका छौँ', संयोजक पाण्डेले भने ।

उक्त मेलाले विभिन्न देशका पर्यटन व्यवसायीलाई एकै ठाउँमा ल्याउने र यसबाट नेपालको अन्तर्राष्ट्रिय रूपमा पर्यटन प्रवर्द्धन गर्न नयाँ अवसरको सिर्जना गर्ने विश्वास लिइएको आयोजकले जनाएको छ ।

मेलामा १६ देशका एक सय ५५ पर्यटन व्यवसायीको सहभागिता रहने पाण्डेले बताए । मेलामा नेपाल, भारत, कोरिया, ताइवान, सिङ्गापुर, माल्दिभ्स, अमेरिका, नेदरल्याण्ड्स, श्रीलङ्का, चीन, थाइल्याण्ड, दुबई, बङ्गलादेश, भियतनाम, मलेसिया, भुटान सहभागी हुनेछन् । मेलामा एक करोडभन्दा बढी खर्च हुने आयोजकले जनाएको छ ।

अब मात्र एक क्लिकमा...
www.prabhabonline.com
facebook
www.facebook.com/Prabhab Online
प्रभाव दैनिक

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रण: एक्प्रेस कलर प्रेस, कार्यालय: काठमाडौँ-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेल: prabhabdailynews@gmail.com, विज्ञापनका लागि: marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशक: कृष्ण कार्की, सम्पादक: विष्णु तामाङ